# महालेखापरीक्षकको

# वार्षिक लेखापरीक्षण प्रतिवेदन

# २०७७

## बडिकेदार गाउँपालिका

## डोटी ।




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको कार्यालय

## Office of the Auditor General

प्रदेश नं.५,कर्णाली र सुदूर[illegible]परीक्षण महानिर्देशनालय

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

Phone : 4258174
4266034
4255707
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu
Nepal


पत्र संख्या:२०७६/७७
च.नं ४६५

मिति: २०७७/३/२४

श्री अध्यक्षज्यू,

बडीकेदार गाउँपालिका, डोटी ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यापालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।


२०७७/३/२४

(चन्द्रकान्त भण्डारी)

नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी  विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भव स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

# महालेखापरीक्षकको कार्यालय

# Office of the Auditor General

प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम ... लेखापरीक्षण महानिर्देशनालय

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

Phone : 4258174
4266034
4255707
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu
Nepal


पत्र संख्या:२०७६/७७
च.नं ४७४

मिति: २०७७/३/२४

श्री अध्यक्षज्यू,
बडीकेदार गाउँपालिका, डोटी ।

**विषय: लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले बडीकेदार गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससगं सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तियविवरण र त्यससगं सम्बन्धित अन्य बिबरणले स्थानीयतहसगं सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्तगर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तियबिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.२ करोड ६३ लाख १६ हजार बेरुजू देखिएको छ । सोमध्ये असुलगर्नुपर्ने रु. १ करोड ४२ लाख ४८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. १५ लाख ८६ हजार नियमितगर्नुपर्ने रु. ७७ लाख २३ हजार पेश्की बाँकी रु.२७ लाख ५९ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।९।४ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया पेस हुन नआएकोले उक्त दफा प्रारम्भिक प्रतिवेदनमा उल्लेखित बेरुजुका व्यहोराको अन्तिम प्रतिवेदन पाना (३६) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षण सगं सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसगं हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्तगर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

२०७६।१२।२४

(चन्द्रकान्त भण्डारी)

नायव महालेखापरीक्षक

# बडिकेदार गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

## २०७५।७६

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न वडीकेदार गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा  प्रदान गर्नु  यसको उद्देश्य हो । सुदूर पश्चिम प्रदेशमा अवस्थित यो गाउँपालिका अर्न्तगत ५ वडा, ३२५ वर्ग कि.मी.क्षेत्रफल र १६७५१ जनसंख्या रहेको छ ।

**स्थानीय संचित कोषः–** आर्थिक वर्ष २०७५।७६ स्थानीय संचित कोष आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | **विवरण** | **रकम** | **रकम** | | **विवरण** | **रकम** | **रकम** |
| १ | गत वर्षको जिम्मेवारी | | ३०६७३४८०.३१ | १ | चालु खर्च | | १७३९४५४२५ |
| | क) नगद | ० | ० | २ | पूँजीगत खर्च | | १४२९५४५६८ |
| | ख) बैंक | ३०६७३४८०.३१ | ० | ३ | वित्तीय व्यवस्था भुक्तानी | | ० |
| २ | राजस्व (आन्तरिक आय) | | ५९८९४६८८.९४ | | क) ऋण भुक्तानी | | ० |
| | क) आन्तरिक राजस्व | ६६१७६२६.३९ | ० | | ख) ब्याज भुक्तानी | | ० |
| | ख) राजस्व बाँडफाँड | ५३२७७०६२.५५ | ० | | ग) अन्य भुक्तानी | | ० |
| | ग) अन्य आय | ० | ० | ४ | लगानी | | ० |
| ३ | वित्तीय हस्तान्तरण | ० | १८४९२२०७४ | | क) ऋण लगानी | | ० |
| | क)वित्तीय समानीकरण अनुदान | ६८७००००० | ० | | ख) शेयर लगानी | | ० |
| | ख) सशर्त अनुदान | ११६२२२०७४ | ० | | ग) अन्य लगानी | | ० |
| | ग) समपूरक अनुदान | ० | ० | ५ | शर्शत अनुदान फिर्ता | ५७८१६१८ | ५७८१६१८ |
| | घ) विशेष अनुदान | ० | ० | ६ | प्रदेश सरकार अनुदान फिर्ता | | २००० |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | ० | १०९४३००० | ७ | धरौटी फिर्ता | | ० |
| | क)वित्तीय समानीकरण अनुदान | ६६७३००० | ० | ८ | कोष खर्च | | ० |
| | ख) सशर्त अनुदान | ९७०००० | ० | ९ | मौज्दात | | ० |
| | ग) समपूरक अनुदान | ० | ० | | क) नगद मौज्दात | | ० |
| | घ) विशेष अनुदान | ३३००००० | ० | | ख) बैंक मौज्दात | | ०.२५ |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | ० | ० | | | | ० |
| ६ | वित्तीय व्यवस्था प्राप्ति | ० | ० | | | | ० |
| | क) ऋण प्राप्ति | ० | ० | | | | ० |
| | ख) साँवा प्राप्ति | ० | ० | | | | ० |
| | ग) ब्याज प्राप्ति | ० | ० | | | | ० |
| | घ) अन्य प्राप्ति | ० | ० | | | | ० |
| ६ | विभिन्न कोषतर्फको आय | ० | ० | | | | ० |
| ८ | जनसहभागिता (नगद) | ० | ० | | | | ० |
| ९ | विषयगत निकायबाट प्राप्त रकम | ० | ३६२४८३६८ | | | | ० |
| १० | धरौटी आय | ० | ० | | | | ० |
| ११ | लगानीको साँवा फिर्ता | ० | ० | | | | ० |
| १२ | अन्य विविध आय | ० | ० | | | | ० |
| | **जम्मा** | | **३२२६८१६११.२५** | | **जम्मा** | | **३२२६८३६११.२५** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने, १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढ मसान्तभित्र नै पारित गर्नुपर्ने व्यवस्था अनुसार २०७५ आषाढ मसान्तभित्र बजेट गाउँ सभाबाट पारित भएको छ । गाउँपालिकाबाट प्राप्त विवरण अनुसार देहायका शीर्षकहरुमा सशर्त अनुदानबाट प्राप्त रकममध्ये खर्च गर्न बाँकी रहेको रु.५७८१६१८। फ्रिज भएको र रु.५७६१६१८। संघीय सञ्चित कोषमा र रु.२००००। प्रदेश सञ्चित कोषमा २०७६।३।३१ मा दाखिला गरेको छ ।

लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरीक्षण नीति मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यावसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तीय विवरणको शुद्दताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिति २०७६/८/२९. मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन्ः

**बित्तिय लेखापरीक्षणबाट देखिएका व्यहोरा**

१. **बैंक हिसाब :** गाउँपालिकाको खाता हिसाब र बैंक हिसाब एक आपसमा भिडान हुनुपर्दछ । गाउँपालिकाको आयव्यय विवरण अनुसार (स्रेस्ताअनुसार) आषाढ मसान्तको मौज्दात रु.०.२५ देखिएको छ, तर मिति २०७६।३।३१ को बैंक स्टेटमेन्ट अनुसार देहायका बैंक खातामा जम्मा रु. **२२१६३४६९.२५** मौज्दात देखियो । गाउँपालिकाको स्रेस्तामा र बैंक हिसाबमा रु.**२२१६३४६९/-**फरक परेको देखिएकोले सो फरक हिसाब सम्बन्धमा बैंक हिसाब मिलान विवरण तयार गरी हिसाव मिलान गर्नुपर्दछ ।

| खाता | २०७५।३।३१ को मौज्दात बैंक स्टेटमेन्ट अनुसार | श्रेस्ता अनुसार मौज्दात |
|---|---|---|
| चालू खर्च खाता | २९५७१७५ | ० |
| सञ्चीतकोष | ९३०६७२४.२५ | ०.२५ |
| पूँजीगत खाता | ९८८७५७०.० | ० |
| धरौटी | १२००० | ० |
| **जम्मा** | **२२१६३४६९.२५** | **०.२५** |

२. **बजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा गाउँपालिकाले ४ सदस्यीय

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । तर गाउँपालिकाले उक्त समिति गठन गरेको पाईएन । त्यसैले कानून बमोजिम समितिको गठन गरी गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउनेतर्फ ध्यान दिनुपर्दछ ।

**३.** **श्रोतअनुमान तथा बजेट सिमाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ बमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सिमा निर्धारण गर्न, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, बजेट तर्जुमा गर्दा मार्गदर्शन लगायतका कार्य गर्न ४ सदस्यीय श्रोत अनुमान तथा बजेट सिमा समिति गठनको व्यवस्था छ । तर गाउंपालिकाले उक्त समितिले गठन गरेको पाईएन । त्यसैले कानून बमोजिम समितिको गठन गरी गाउँपालिकाको बजेट तथा कार्यक्रमको प्रथामिकीकरण, बजेट सिमा निर्धारण र सोही अनुसार गाउँ सभामा बजेट तथा कार्यक्रम पेश तथा पारित गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

**४.** **क्षेत्रगत बजेट र खर्चको स्थितिः** मिति २०७५/३/३१ मा गाउँसभाबाट पारित क्षेत्रगत कार्यक्रम र बजेट खर्च स्थिति देहाय बमोजिम रहेको छः

| क.स. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत (जम्मा खर्चको तुलनामा) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ७१५९२७९ | ६५४४१३३ | २.०६ |
| २ | सामाजिक विकास | १६१२२९४४० | १५३७४२१६२ | ४८.४० |
| ३ | पूर्वाधार विकास | ९८६१७५०० | ९४२४१०१० | २९.६७ |
| ४ | वातावरण तथा विपद व्यवस्थापन | २००००० | १९९५०० | ०.०६ |
| ५ | संस्थागत विकास तथा सेवा प्रवाह | ३०९३३००० | १६८७६३३५ | ५.३१ |
| ६ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ५१७१४२०१ | ४६०२७७८१ | १४.४९ |
| जम्मा | | ३४९८५३४२० | ३१७६३०९२१ | |

उपरोक्त विवरण अनुसार नगरसभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी ४८.४० प्रतिशत र घटीमा ०.०६ प्रतिशत रहेको छ ।

**५.** **पूर्वाधार तर्फको क्षेत्रगत बजेट र खर्चको स्थिति :** गाउँ सभाबाट पारित वित्तीय समानीकरण पूर्वाधार तर्फको क्षेत्रगत कार्यक्रम र बजेट व्यवस्थापनको स्थिति देहाय बमोजिम रहेको छः

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| क्र.स. | क्षेत्र | बजेट | खर्च | खर्च % (कुल पूर्वाधार बजेट खर्चको तुलनामा) |
|---|---|---|---|---|
| १ | बिबिध | ६४००००० | ६२७४५१० | ६.६६ |
| २ | लघु तथा साना जलविद्युत वैकल्पिक उर्जा समेत | ४५९७५०० | ४२८७५२७ | ४.५५ |
| ३ | उर्जा | १२६५००० | १२५८७५८ | १.३४ |
| ४ | भवन तथा सहरी विकास | १२२०००० | १२२०००० | १.२९ |
| ५ | सिंचाई | ४६७०००० | ४६०२५५६ | ४.८८ |
| ६ | सडक तथा पुल झोलुंगे पुल समेत | ६९६५०००० | ६५७८६५०२ | ६९.८१ |
| ७ | खानेपानी पूर्बाधार कार्यक्रम | १०८१५००० | १०८१११५७ | ११.४७ |

उपरोक्त विवरण अनुसार गाउँपालिकाले भौतिक पूर्वाधार तर्फको बजेटबाट सार्वजनिक सडक निर्माण र भवन तथा सहरी विकासमा क्रमशः ६९.८१ र १.२९ प्रतिशत बजेट खर्च गरी अन्य योजनामा स्वीकृत लक्ष्य अनुसार प्रगति हुन सकेको छैन ।

**६.** **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.९० लाख २० हजार आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७५।७६ मा रु.६६,१७,६२६.३९ लाख हजार अर्थात अनुमान भन्दा २६.६३ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

**७.** **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले आर्थिक वर्ष २०७५।७६ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २३,२१,१३,४४२ | ६६,१७,६२६.३९ | २.८५ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.८५ प्रतिशत मात्र रहेको छ । त्यसैले गाउँपालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ८. | **मध्यकालिन खर्च संरचना** : अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आ–आफ्नो कार्यक्षेत्र भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहीत मध्यकालिन खर्चको संरचना तयार गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले सार्वजनिक खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउने मध्यमकालिन खर्च संरचना कार्यान्वयनमा ल्याएको छैन । स्रोतको बितरणमुखी प्रवृत्तिलाई नियन्त्रण गर्न, स्रोतसाधनलाई प्राथमिकताप्राप्त क्षेत्रमा प्रवाह गर्न तथा योजनाहरुलाई लागतलाभ विश्लेषण गरी लागतप्रभावी बनाउन मध्यकालिन खर्च संरचनालाई कार्यान्वयन गर्न कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ९. | **बजेट सीमा निर्धारण समिति** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा  निर्धारण समिति गठनको ब्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमूख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र गाउँपालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानूनी ब्यवस्था रहेकोमा गाउँपालिकाले समितिको गठन गरेको छैन । ऐनमा ब्यवस्था भएअनुसार बजेट सीमालगायतका क्षेत्रगत बिषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधिको तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| १०. | **बजेट तथा कार्यक्रम तर्जुमा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **नियमितताको लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |
| **११.** | **बजेट अबण्डा** : स्थानीय तहले बार्षिक कार्यक्रम स्वीकृत गरी कार्यक्रमगत बजेट ब्यवस्था गर्नुपर्नेमा गाउँपालिकाले रु.६६ लाख बराबरका कार्यक्रम भैपरि आउने शीर्षकमा बजेट अबण्डा राखेको देखियो । योजना स्वीकृत नगरी बजेट ब्यवस्था गर्न नमिल्ने, त्यसको लागी अबण्डामा बजेट राख्नु उपयुक्त देखिएन । यसले गर्दा कार्यक्रमको कार्यान्वयन सुनिश्चितता नहुने, रकमान्तर गरी अन्यत्र बजेट सार्ने अवस्था सृजना हुने देखिएकोले यस्तो कार्य नियन्त्रण हुनुपर्दछ । | |
| **१२.** | **आन्तरिक नियन्त्रण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमित र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्:<br>• गाउँपालिकाले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको छैन ।<br>• गाउँपालिकामा समयोजन भई आएका साविकका गा.वि.स. र विषयगत कार्यालयबाट हस्तान्तरण भई आएका जिन्सीको अवस्था देखिने गरी विवरण तयार गरेको छैन ।<br>• गाउँपालिकाको वडा कार्यालय र विषगत शाखामा छुट्टा छुट्टै जिन्सी खाता राखेको र जिन्सी सामानको एकीकृत विवरण समेत नबनेको,<br>• गाउँपालिकाको मूल जिन्सी खातामा सबै जिन्सी सामानको आम्दानी नजनाई वडागत रुपमा जिन्सी खाता तयार गरेबाट जिन्सी सामान एकिन गर्न तथा अभिलेख राख्न कठिन हुने देखिएको ।<br>• कतिपय कारोबारहरु मूल्य अभिवृद्धि कर बेगरका फर्मसँग गरेको ।<br>• गाउँपालिका क्षेत्र भित्र कोष प्रमाणित तथा भ्रमण प्रतिवेदन बेगर अनुगमन तथा दैनिक भ्रमण भत्ता खर्च लेख्ने गरेको ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रम समेत बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठी तर्फ केन्द्रीत | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | भई वितरणमुखी मात्र देखिएको ।<br><br>● सार्वजनिक खरिद नियमावली बमोजिम कार्यालयले खरिद गुरु योजना तथा वार्षिक खरिद योजना तयार नगरी खरिद कारबाही संचालन गरेको ।<br><br>अतः तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई सार्वजनिक सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ । | |
| १३. | **आन्तरिक लेखापरीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ र ७८ अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै नियमित गराउनु पर्ने नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नु पर्ने असुल उपर गरी बेरुजु लगत कट्टा गराउनु पर्ने व्यवस्था छ । कार्यालयले आ.व.२०७५।७६ को आन्तरिक लेखापरीक्षण गराएकोमा आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएको वेरुजुको प्रभावकारी कारवाही गरेको छैन । ऐनमा भएको व्यबस्था कार्यान्वयन गर्नुपर्दछ । | |
| १४. | **आ.ले.प.शाखा :** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस गाउँपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| १५. | **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउँपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाउँपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाउँपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| १६. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा गाउँपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाउँपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| **१७.** | **कल्याण कोष** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधिउपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गरेको देखिएन । तसर्थ कानूनको परीपालना गर्नु पर्दछ । | |
| **१८.** | **कर्मचारी व्यवस्था :** कार्यालयले उपलब्ध गराएको स्वीकृत दरबन्दी विवरण अनुसार स्थायी कर्मचारीको दरवन्दी २९ रहेता पनि पदपूर्ति ३ मात्र रहेको देखियो । अधिकृतसहित २६ पद रिक्त रहेका छन् । तिमध्ये ७ जना करारमा राखी कार्यसञ्चालन गरिएको छ । जनशक्तिको अभावमा गाउँपालिकाको कार्यसम्पादन र सेवाप्रबाहमा समेत असर परेकाले दरबन्दी अनुसार पदपूर्ति गरिनुपर्दछ । | |
| **१९.** | **वडा सचिवको पदपूर्ति :** गाउँपालिका अन्तर्गका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपूर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । <br><br> वडा संख्या: ५; वडा सचिवको दरवन्दी: ५; वडा सचिवको पदपूर्ति: ०; रिक्त वडा सचिव: ५ <br><br> उपरोक्त विवरण अनुसार गाउँपालिकाका ५ वटा वडा सचिव मध्ये कुनै पनि पदपूर्ति नभई रिक्त रहेको छ । यसले गर्दा वडापालिकाको काम कारबाहीमा प्रभावित हुने तथा दैनिक प्रशासनिक कार्यमा बाधापर्ने हुनाले यस तर्फ सम्बन्धित पक्षको ध्यान जानुपर्ने देखियो । | |
| **२०.** | **चौमासिक खर्च:** गाउँपालिकाले स्वीकृत भएको कार्यक्रमको चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । गाउँपालिकाले उपलब्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय अनुसार छः | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| सि.नं | ब.उ.शि.नं. | कूल खर्च | कुल खर्च | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| १ | चालू | १७५३९३९२० | ४१९४९२५३ | २४४३९५८२ | १०९००५०८५ | ४७८८७७०० |
| २ | पूँजीगत | १४२२३७००१ | ४६५६११७ | ४६२०९७२१ | ९१३७११६३ | ४०४४९४५७ |
| **जम्मा** | | ३१७६३०९२१ | ४६६०५३७० | ७०६४९३०३ | २००३७६२४८ | ८८३३७१५७ |
| **प्रतिशत** | | | १४.६७ | २२.२४ | ६३.०९ | २७.२१ |

गाउँपालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.३१ करोड ७६ लाख ३१ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.४ करोड ६६ लाख ५ हजार अर्थात १४.६७ प्रतिशत, दोश्रो चौमासिकमा रु.७ करोड ६ लाख ४९ हजार, अर्थात २२.२४ प्रतिशत र तेश्रो चौमासिकमा रु.२० करोड ३ लाख ७६ हजार, अर्थात ६३.०९ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.८ करोड ८३ लाख ३७ हजार अर्थात ३७ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

**२१.** **प्रशासनिक खर्चः** कुल आन्तरिक आयको तुलनामा प्रशासनिक खर्चको सीमा निर्धारण गरी खर्च गर्नुपर्नेमा सो सीमा निर्धारण नगरेकोले कुल आय ६६,१७,६२६.३९ को शत प्रतिशत नै प्रशासनिक खर्च गरेको पाईयो । यस्थो खर्चको सीमा निर्धारण गर्नु पर्दछ ।

**२२.** **सेवाप्रवाहको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ९ वटा ऐन, ४ वटा नियमावली र १५ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष गाउँपालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| सि.नं. | विवरण | जम्मा |
|---|---|---|
| | **पञ्जिकरण तर्फ** | |
| १. | जन्मदर्ता | १८६२ |
| २. | मृत्यू दर्ता | ७५ |
| ३. | बसाईसराई दर्ता | १८१ |
| ४. | बिबाहदर्ता | १९१ |
| ५. | सम्बन्ध विच्छेद दर्ता | ० |
| | **अन्य सिफारिस** | |
| ६. | घरबाटो सिफारिस | |
| ७. | नागरिकता सिफारिस | ११६० |
| ८. | नाता प्रमाणित | ८ |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार गाउँपालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | बाहेकका अन्य सेवा प्रबाहको स्थिति सन्तोषजनक देखिएन । | |
| २३. | **न्यायिक समिति र न्याय सम्पादन** :स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार गाउँपालिकाको उप-प्रमुखको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ । गाउँपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिको कार्य सम्पादन अवस्था देहाय बमोजिम छ। | |
| | **कार्यक्रमगत खर्चको लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |
| २४. | **लक्ष्य प्रगति :-** कार्यालयको चौमासिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरिय तथा केन्द्रिय स्तरियका आयोजना मध्ये ६४१ योजनाको नियम बमोजिमको उल्लिखत ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने कार्यकारी, प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ । | |

| दर्ता भएका विवाद | फछ्र्यौट भएका विवाद | फछ्र्यौट हुन बाँकी विवाद |
|---|---|---|
| ४ | ४ | ० |

| कार्यक्रम/ योजना | यो वर्ष कुलकार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्यप्रगति कार्यक्रम | २५% सम्म प्रगति भएका कार्यक्रम | ५०% सम्म प्रगति भएका कार्यक्रम | ७५% सम्म प्रगति कार्यक्रम |
| कार्यक्रम सङ्ख्या | ६४१ | ५८ | १० | २५ | ५४८ |
| रकम | | | | | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २५. | **योजनागत लक्ष्य प्रगति** : यस गाउँपालिका अन्तर्गत २०७५।७६ मा क्षेत्रगत तथा समानीकरण अनुदान समेत ६४१ योजना स्वीकृत गरेका योजनामा ५८ वटा शुन्य प्रगति रहेको,१० वटा २५ प्रतिशत प्रगति, २५ वटा ५० प्रतिशत प्रगति र ५४८ वटा योजनाहरु ७५ प्रतिशत भन्दा माथि प्रगति भएको उल्लेख छ । शुन्य तथा कम प्रगतिका सम्बन्धमा गाउँपालिकाले स्पष्ट गरेको छैन । अतः कार्यान्वयन योग्य योजना तथा कार्यक्रमको पहिचान गरी समयमै योजना सम्पन्न गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| २६. | **योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफलप्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । सो अनुसार दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचि तयार गरेको पाईएन । योजना तयारी सम्बन्धी उक्त व्यवस्थाको पालना गरिनु पर्दछ । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २७. | **सभाको निर्णय कार्यान्वयन-** मिति २०७५।३।३२ मा सम्पन्न गाउँपालिकाबाट पारित विभिन्न क्षेत्रगत ६४१ वटा कार्यक्रम कार्यान्वयनको स्थितिसहितको सभाको निर्णय र प्रतिवेदन माग गरिएकोमा उपलब्ध हुन सकेन । अत सभाको निर्णय कार्यान्वयन स्थिति प्रतिवेदन तयार गरी वर्षान्तमा समिक्षा गर्नुपर्दछ । | |
| | **राजश्व तथा आन्तरिक आयको लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |
| २८. | **राजश्व अभिलेख :** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । यसवाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकेन । बर्तमान स्थानीय तहवाट समेत यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ ।। | |
| २९. | **रसिद नियन्त्रण खाता :** कार्यालयले राजस्व असूली तथा आन्तरिक आम्दानी गर्दा नगदी रसिदको प्रयोग गर्नुपर्ने र नगदी रसिद नियन्त्रण खाता राख्नुपर्ने व्इबस्था छ । कार्यालयले नगदी रसिद छपाई, गत वर्षको मौज्दात र खर्च तथा जिम्मेवारी सारेको परिमाण देखिने गरी रसिद नियन्त्रण खाता राखेको छैन । रसिद नियन्त्रण खाता नराखेकोले राजस्व असुलीमा प्रयोग भएको रसिदबाट असुल भएको सबै रकम दाखिला भएको छ भन्न सकिने आधार भएन । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो । | |
| ३०. | **सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा गाँउपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएतापनि यस्तो कर संकलन गरेको छैन । सम्वन्धित निकायसँग अबिलम्ब समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | |
| ३१. | **मनोरञ्जन कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७४।७५ मा गाउँपालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस गाउँपालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३२. | **व्यवसाय कर :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्यक्षेत्रभित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउन सक्ने व्यवस्था रहेको छ । गाउँपालिकाको आर्थिक ऐन, २०७५ ले अनुसूची ४ अनुसार व्यवसाय कर लगाई असुल गर्ने उल्लेख छ । यस गाउँपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नुपर्नेमा व्यवसायीहरुको लगत राखी उक्त लगत अद्यावधिक गरी लगतमा भएका सम्पूर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाइएन । गाउँपालिका क्षेत्रभित्रका व्यवसायलाई व्यवसायीको अभिलेख राखी करको दायराभित्र ल्याउनुपर्दछ । | |
| ३३. | **राजश्व दाखिला :** प्रदेश आर्थिक कार्यविधि ऐन अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अर्न्तगत ५ वटा वडा गाउँपालिका प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरण पेश गरेको छैन । | |
| | **खरिद व्यबस्थापनको लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |
| ३४. | **बार्षिक खरिद योजना/ गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१४,२९,५४,५६८। पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर गाउँपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३५. | **सवारी साधन खरिद**–स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका, २०७४ को दफा ५.१५ मा नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनका लाागि सवारी साधन खरिद गर्न नसकिने व्यवस्था छ । नगर पालिकाले यस वर्ष १ वटा जिप, २ वटा मोटरसाइकल खरिद गरी निम्नानुसार रु. ४३ लाख ७० हजार खर्च गरेको छः | |

| सि.नं | सवारी साधन | संख्या | रकम |
|---|---|---|---|
| १ | जिप | १ | ३८७०००० |
| ३ | मोटरसाइकल | २ | ४९९८०० |
| | जम्मा | | ४३६९८००/- |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | उपरोक्त बमोजिम गाउँपालिकाको आफ्नो आन्तरिक आय रु. ६६,१७,६२६.३९ मात्र भएको अवस्थामा वित्तीय समानीकरण अनुदानबाट सवारी साधनमा यति ठुलो धनराशि खर्च गरेको नियमसम्मत देखिएन । | |
| ३६. | **प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ३७. | **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने, जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनी व्यवस्थाको पालना भएको पाईएन । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३८. | **उपभोक्ता समिति छनौट -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समूदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्रही समूदायको व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । तर कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौताबाहेक सम्झौतापूर्वका उक्त प्रकृया पालना गरेको कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनुपर्दछ । | |
| ३९. | **खर्च अनुमोदन–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समिति वा समूदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट सञ्चालित योजनाहरु उपभोक्ता समितिमार्फत सञ्चालन भएका र बिल भुक्तानीको लागि प्राविधिक मूल्याङ्कन पेश गर्ने गरेको भएता पनि अन्य बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजातहरु समितिको पूर्ण बैठकबाट खर्च अनुमोदन गरेको प्रमाण र सवै निर्माण कार्यको सार्वजनिक तथा सामाजिक लेखापरीक्षण गरी सोको प्रमाण  पेश गर्ने गरेको छैन । कार्यालयले समेत अनुगमन समितिको खाली प्रतिवेदनमा हस्ताक्षर गरेको आधारमा खर्चको सुनिश्चितता यकिन गरी भुक्तानीको लागि पेश गर्ने गरेको अवस्था देखिन्छ । नियमको प्रावधानबमोजिम कागजात पेश गर्न लगाई खर्च थप पारदर्शी एवं यथार्थपरक बनाउनेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ४०. | **योजना हस्तान्तरण**ः निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारीसमेत तोकी योजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्नेमा  कार्यालयबाट सञ्चालित बार्षिक विनियोजन भएका योजनाहरु उपभोक्ता समितिमार्फत सञ्चालन भएका  सम्झौता अनुसारको कार्यको मात्र कार्य सम्पन्न प्रतिवेदन बनाई बार्षिक कार्यक्रम अनुसारको योजना सम्पन्न भएको यकिन गर्ने प्राविधिकहरुको प्रबृत्तिका कारण योजना पूर्ण रुपमा सम्पन्न हुने स्थिति नरहेको देखियो । योजनाहरु सम्पन्न भैसकेपश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत वर्षदेखि सञ्चालन गरिएका योजना सम्बन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारीसमेतको  हस्तान्तरण गर्ने गरेको छैन । | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>समयमा नै निर्माण कार्य सम्पन्न गरी आयोजनाहरुको स्वामित्व उपभोक्ता समिति मै रहने गरी हस्तान्तरण गर्ने कार्यमा सम्बन्धित निकायको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
<tr><td>४१.</td><td>सार्वजनिक तथा सामाजिक परीक्षण: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवाप्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाबाट बार्षिक सम्पन्न योजनाहरु कार्यालयको सेवाप्रबाह सम्बन्धमा सार्वजनिक सुनुवाई भए पनि सामाजिक परीक्षण भए गरेको पाईएन । ऐनले तोकेअनुसार कार्यान्वयन भएका योजनागत विकास निर्माणका कार्यको सार्वजनिक एवं सामाजिक परीक्षण गर्ने व्यवस्था सुरु गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>४२.</td><td>गुणस्तर परीक्षण: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेसिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ । कार्यालयबाट निर्माण भएका संरचनाहरु खरिद गरिएका यन्त्र उपकरण, ल्यापटप ग्याबियन सिमेन्ट पाईप लगायतको भुक्तानी गर्दा सामानको गुणस्तर परीक्षण गरेको छैन । अत: खरिद भएको निर्माण सामाग्री लगायतका यन्त्र औजार लगायतका सामानहरुको गुणस्तर सम्बन्धमा सुनिश्चित गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४३.</td><td>योजना छनौट र कार्यान्वयन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । गाउँ सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७५/७६ को अध्ययन गर्दा गाउँपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । गाउँपालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।<br>
<table>
<tr><th>रु.१ लाख सम्म</th><th>रु. १ देखि २ लाख सम्म</th><th>रु. ४ देखि ५ लाख सम्मका</th><th>रु. ५ देखि १० लाख सम्मका</th><th>रु. १० लाख भन्दा बढिका</th><th>जम्मा</th></tr>
<tr><td>१०</td><td>३५</td><td>४७</td><td>१७</td><td>३३</td><td>१४२</td></tr>
</table>
उपरोक्त विवरण अनुसार गाउँपालिकाले यस वर्ष रु १ लाख देखि रु. ८० लाख सम्मका जम्मा १४२ वटा योजना संचालन गरेकोमा रु.५ लाख भन्दा मुनिका मात्र ९२ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभवी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४४. | **कन्टिन्जेन्सी खर्चको अभिलेख–** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । | |
| ४५. | **उपभोक्ता समितिबाट निर्माण कार्य:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट कार्य गराउदा सम्पूर्ण निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नुपर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर मेशिनको प्रयोग गर्न नहुने उल्लेख छ । नियमावलीको नियम ९७ (११) अनुसार उपभोक्ता समितिका लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको नापजाँच गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको अंशसमेत कुलखर्चको विवरण सो निकायमा भुक्तानीको लागि पेश गर्नुपर्ने ब्यवस्था छ । कार्यालयले यस वर्ष समानीकरण तथा सशर्त अनुदान (पूँजीगत) तर्फ सञ्चालित कार्यक्रमको विनियोजन भएको बजेट अनुसारको योजनागत सम्झौता सम्पन्न भएको उल्लेख छ । कार्यालयले अभिलेखको रुपमा ई.नापी किताबमा निर्माण कार्यमा लोडर, एक्साभेटर लगायतका मेशिन प्रयोग गर्ने गरी स्वीकृत लागत अनुमान अनुसार उपभोक्ता समितिलाई गएको भुक्तानीतर्फको सम्झौता अंकबाट कुल मूल्याङ्कन भएको कामको मूल्यमा ८० प्रतिशत यकिन गरी सम्झौता भएअनुसारको पुरै रकम भुक्तानी दिई बिलको मुल्याङ्कनमा बाँकी हुन आउने रकम एकमुष्ट उपभोक्ताको तर्फबाट भएको श्रमदानको अंश भनि उल्लेख गरेको देखियो ।<br><br>यसरी मूल्याङ्कन गर्दा अधिकाशं योजनामा कुल काम कम देखिँदा उपभोक्ताको अंश न्यून देखिने अवस्था भएकाले स्वीकृत लागत अनुमानभन्दा वास्तविक कामको मूल्याङ्कन बिल अधिक देखाई कार्यालयबाट भुक्तानी हुने अंश पुरै भुक्तानी दिने र उपभोक्ताको अंश कम देखिने समस्यालाई टेवापुग्ने गरी लागत अनुमानभन्दा बढी कामको बिल बनाई पेश गर्ने गरेको अवस्था देखियो । उपभोक्ता समितिलाई भेरिएशन स्वीकृत गर्न नमिल्ने नियमावलीको ब्यवस्था विपरीत प्राविधिकहरुले लागत अनुमानभन्दा बढीको उपभोक्ता समितिको कामको विल तयार गरी भुक्तानीका लागि सिफारिस गर्ने गरेकाले यस्तो प्रबृतिमा नियन्त्रण हुनु पर्दछ । | |
| ४६. | **पेश्की बाँकी:** आर्थीक कार्यविधि २०७४ को नियम ७४ (३० मा पेश्की दिइएको रक म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिन एवं दिने दुबैले कर्तव्य हुने कुरा उल्लेख छ । कार्यालयले गाउँपालिकाको भवन निर्माणको | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>लागि एस.एस कन्स्ट्क्सन एण्ड सप्लायर्सलाई रु. १२,५०,०००/- र सिराडि खा.पा.तल्लो मुहान उ.स.,बडिकेदार ४ लाई खानेपानी योजनाको लागि रु.१५०९२३५। समेत रु.२७५९२३५। पेश्की आर्थिक वर्षको अन्त्य सम्म बाँकि रहेकोले समयमा फछ्र्यौट गराउनु पर्ने देखिएको रु.</td><td>२७५९२३५/-</td></tr>
<tr><td>४७.</td><td>मु.अ.कर ५० प्रतिशत कट्टा नगरेको : आीर्थक ऐन, २०७६ ले २०७६ जेष्ठ १५ गतेदेखि सरकारी निकायले ठेक्का सम्झौता वा करार अर्न्तगत आपुर्ति हुने वस्तु वा सेवा बापतको रकम सम्बन्धित ठेकेदार वा आपुर्तीकर्ता लाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने मु.अ.कर रकमको पचास प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित आन्तरिक राजस्व शिर्षकमा जम्मा गरी बाँकी रहने कर वापतको रकम मात्र भुक्तानी गर्नुपर्ने उल्लेख गरेको छ । निम्नानुसार गोश्वारा भौचर र मितिबाट विविध साम्रगी खरिद देहायका फर्महरुबाट गरेकोमा, मु.अ.कर बापत ५० प्रतिशत कार्यालयले कट्टी गरी भुक्तानी गर्नुपर्नेमा पुरै भुक्तानी गरेकोले ५० प्रतिशत मु.अ.कर समायोजन प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ. र मिति</th><th>फर्म वा कम्पनीको नाम</th><th>मु.अ.कर सहित भुक्तानी रकम</th><th>मु.अ.कर रकम</th><th>५० प्रतिशत मु.अ.कर रकम</th></tr>
<tr><td>३०१/०७६/२/२७</td><td>कविर ट्रेडर्स एण्ड सप्लायर्स( ३०२७६३३२८)</td><td>३५२५००</td><td>४५८२५</td><td>२२९१२.५</td></tr>
<tr><td>३८३/०७६/३/२४</td><td>गडतोला ट्रेडर्स (६०२०७११७२)</td><td>२२०७९६.४३</td><td>२८७०३.५७</td><td>१४३५१.७९</td></tr>
<tr><td>३९९/०७६/३/२७</td><td>Arika printing solution ( ३०२१०४९६५)</td><td>८७६००</td><td>११३९९</td><td>५६९४</td></tr>
<tr><td>१८९/०७६/२/२६</td><td>होम टाउन इन्टरप्राइजेज( ३०२७६१८१४)</td><td>९०४००</td><td>११७५०</td><td>५८७६</td></tr>
<tr><td>३०२/०७६/२/२९</td><td>शैलेश्वरी अफसेट प्रेस( ६०१४८१९१०)</td><td>१०२९७१.२५</td><td>१३३८६.२६</td><td>६६९३.१३</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>५५,५२७.४२</td></tr>
</table></td><td>५५५२७.४२</td></tr>
<tr><td>४८.</td><td>इन्धन :उपभोक्तालाई सम्झौता अनुसार कार्य सम्पन्न भएपछि रकम भुक्तानी गर्नु अगावै उपभोक्ताले खरिद गरिएको विल र सामानको परिमाण समेत जाँच गर्नुपर्दछ । देहायका उपभोक्ताले सडक निर्माण कार्य गरिसके पछि रकम भुक्तानी को लागि पेश गरेको केही रकम भुक्तानी सम्बन्धि विल परीक्षण गर्दा लगबुकमा उल्लेख भएको जे.सि.वि/एक्साभेटर प्रयोग गरेको घण्टा र प्रतिघण्टा खपत हुने अधिकतम इन्धनको परीमाण बीच बिश्लेषण गर्दा रकम बढी लिने उद्देश्यले आवश्यक पर्नेभन्दा बढी परिमाणका. डिजेलको विल राखी वास्तविक लाग्ने परिमाण डिजेल(इन्धन) को खर्च भन्दा बढीको रकम भुक्तानी लिएको देखियो । लेखापरीक्षणले नसमेटिएका यस्तो खर्च तहाँबाटै छानविन गरी बढी खर्च भए सम्बन्धित उपभोक्तालाई जिम्मेवार बनाई असुल गर्नुपर्ने र देहाय अनुसारको बढी इन्धन खर्च (अधिकतम प्रतिघण्टा २५ लि छोडी) सम्बन्धित उपभोक्ताबाट प्रति लिटर रु.९६.९९ को दरले उपभोक्ताको अनुपातिक अशं कट्टी गरी बढी भुक्तानी असुल गर्नुपर्ने रु.</td><td>१७२११३८.६६</td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| **गो.भौ.नं./मिति** | **उपभोक्ताको नाम** | **प्रयोग भएको घण्टा** | **प्रयोग भएको इन्धन लि.** | **लाग्ने इन्धन लि.** | **बढी इन्धन लि.** | **बढी रकम रु.** |
|---|---|---|---|---|---|---|
| ६०/०७५/११/१७ | सुवाखान देवली हुदै भान्ना कपडी कृषि सडक नि.उ.स | १९० | ९१०० | ३७५० | ५३५० | ५१८८९६.५० |
| ५७//०७५/११/१७ | वि.पी नगर वडा कार्यालय थला कृषि नि.उ.स. | ४८२ | १६१२८ | १२०५० | ४०७८ | ३९५५२५.२२ |
| ३२/०७५/१०/१५ | अन्तर काडा मार्कोट कृषि स.नि.उ.स | १६६ | ६९२३ | ४१५० | २७७३ | २६८९५३.२७ |
| २३/०७५/९/२९ | रगेडा मुडा हुदै देवली नि.उ.स | ९६ | ४८१३ | २४०० | २४१३ | २३४०३६.८७ |
| २२/०७५/९/२९ | खड्यौली छेडा हुदै माथा कपडी कृषि स.नि.उ.स | १३५ | ६५०७ | ३३७५ | ३१३२ | ३०३७२६.८० |
| | | | | | **जम्मा** | **१७२११३८.६६** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४९. | २२५।०७६।३।२६ सुनालेक कालापोखरी जैसीवाडा हुदै वोगटान गाउपालिका सम्म कृषि सडक निर्माण उपभोक्ता समितिलाई सडक निर्माण गरेवापत उपभोक्ताको योगदान कट्टा गरी रु.३९९८५७ भुक्तानी दिएको छ । उपभोक्ताले पेश गरेको खरिद विल परीक्षण गर्दा विन्दबासिनी ट्रेडर्स बाट १६८ केजी जि आई तार खरिद गरेको देखियो । दरविश्लेषण अनुसार उक्त तारबाट २×१×१ साइजको ६.४६ गोटा ग्यावियन बक्स बन्ने देखिन्छ । सो अनुसार १२.९२ घनमीटर ढुङ्गा फिलिङ्ग गरेको हुनुपर्नेमा ठेक्का विलमा २२ घनमीटर देखाई बढी भुक्तानी लिएको देखियो । ठेक्का विल र खरिद विल विच ११ घनमीटर बढीको प्रति घनमीटर रु.३७९४।०९ को दरले रु.४१७३४।९९ उपभोक्तालाई बढी भुक्तानी भएको हुँदा उपभोक्ताको अनुपातिक कट्टी गरी रु.४१७३४।९९ बढी भुक्तानी रकम उपभोक्ता समितिबाट असुल उपर गर्नुपर्ने रु. | ४१७३४/९९ |
| ५०. | मूल्य अभिबृद्धि कर ऐन,२०५२ को दफा १७ मा मु.अ.करमा दर्ता भएको फर्मले रितपूर्वकको कर विजक जारी गर्नुपर्ने व्यवस्था छ । भागिरथ निर्माण सेवा(६०८६४८७०७)ले उपभोक्ता सँग सम्झौता गरी आफ्नो जे.सि.वि./एक्साभेटर प्रयोग गरी सडक निर्माण गरेवापत रकम लिदा केही रकम भर्पाई दादैबाट र केही रकम कर विजक जारी गरी भुक्तानी लिएको देखियो । ऐनले तोके अनुसार मू.अ.कर विजक जारी नगरी एउटै उपभोक्तालाई एउटै काम भर्पाई र कर विजकबाट रकम भुक्तानी लिएको देखिदा निजले कर विजक जारी गरी भुक्तानी लिएको मू.अ.कर रु.१५७४२६५।५९ समेत रु.१३६८४०००।८८ को भुक्तानीमा निजले भुक्तानीलिएको मू.अ.कर आन्तरिक राजस्वमा दाखिला गरेको प्रमाण पेश गर्न लगाउनुपर्ने अन्यथा मू.अ.कर ऐन,२०५२ अनुसार लाग्ने जरिवाना समेत निजबाट असुल उपर गर्नुपर्ने रु. | १५७४२६५/५९ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| भौ.नं.र मिति | उपभोक्ताको नाम | बुझेको रकम |
|---|---|---|
| २३४/०७६/३/३० | वि पि नगर हुदै वडा कार्यालय हुदै थला सम्मको कृषि सडक नि.उ.स. | १८०००००.०० |
| २३१/०७६/३/३० | बर्देन कोट केना परान धाधल कृषि नि.उ.स. | २२८९९९.९९ |
| १८०/०७६/३/९ | डम्सीला देखि रन्तोला सम्मको ट्याक परिवर्तन तथा सम्भार नि.उ.स | ७२००००.०० |
| १६८/०७६/२/२१ | नेटा खान गर्जुवा खडेखान सैनेडी कृषि सडक नि.उ.स. | १४२८३७४.९९ |
| १६६/०७६/२/२१ | वडास्तरीय खेलमैदान नि.उ.स. | २२४९९९.०० |
| १६२/०७६/२/२० | विपिनगर वडा कार्यालय हुदै थला कृषि नि.उ.स. | ४५४०००.०० |
| १५४/०७६/२/५ | सुनाखेल काला पोखरी जैसीवाल हुदै वोगटान कृषि नि.उ.स. | १५७५०००.०० |
| १५३/०७६/२/३ | वागछेडा पातल कृषि सडक नि.उ.स. | ४४९९९९.९० |
| १५४/०७६/१/२७ | वाजपाटा बल्ले जुडी कृषि नि.उ.स. | ३६००००.०० |
| १४४/०७६/१/२७ | खडेउनी हुदै वटालागाउँ कृषि नि.उ.स. | १६६५००१.०० |
| १४०/०७६/१/२६ | नेटाखान गर्जुवा सडेखान सैनेरी कृषि नि.उ.स. | ८२१६२५.०० |
| १०२/०७५/१२/२७ | चौर खाली डाडा मेल्खानी हुदै केदारमाडौ कृषि नि.उ.स. | ४५०००१.०० |
| ८४/०७५/१२/१९ | लालविरे चौतारा देखी रिखापाखाम पर्यटन सडक नि.उ.स. | ९०००००.०० |
| ८३/०७५/१२/१९ | नेटाखान मार्कोट कृषि सडक नि.उ.स. | ९०००००.०० |
| ६१/०७५/११/१७ | खेड उली हुदै वराल गाउँ सडक निर्माण उ.स. | ८१००००.०० |
| ५४/०७५/११/१७ | सुनाखेल काला पोखरी वयलगाउँ कृषि सडक नि.उ.स. | ९०००००.०० |
| | **जम्मा** | **१३६८८०००.८८** |

५१. मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा १७ मा मू.अ.करमा दर्ता भएको फर्मले रितपूर्वक विल जारी गर्नुपर्दछ । विल जारी नगरी रकम लिएमा भुक्तानी लिएको रकम भित्र रहेको मू.अ.कर रकम सम्बन्धित फर्मले आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नुपर्दछ । उपभोक्ता समितिले सडक निर्माण गर्ने सिलसिलामा प्रयोग गरेमा विभिन्न कम्पनीको एक्साभेटरका फर्मले एक्साभेटर डोजर प्रयोग गरे वापत सेतो कागजमा भरपाई दादै गरी उपभोक्तासँग रकम बुझेको देखियो । यसरी मू.अ.करमा दर्ता भएका फर्मले रितपूर्वकको कर विजक जारी नगर्दा नेपाल सरकारलाई प्राप्त हुनुपर्ने मू.अ.कर असुल नभएको देखियो । त्यस्ता एक्साभेटर एवं डोजरको भाडामा भाडा कर १० प्रतिशत कट्टी गर्ने गरेको पनि देखियो । उपभोक्ताले डोजरमा प्रयोग हुने तेल छुट्टै विलबाट खरिद गरी डोजरमा प्रयोग गरेको अवस्थामा नेपाल सरकारलाई प्राप्तहुनुपर्ने १३ प्रतिशत मू.अ.कर छुट भएको हुदाँ सम्बन्धित निर्माण व्यवसयी मार्फत छुट भएको मू.अ.कर ऐन, २०५२ अनुसारको मू.अ.करमा लाग्ने जरिवाना समेत हिसाव गरी छुटकर छानविन गरी असुल गर्नुपर्ने रु. २५६६५०८/-

| भौ.नं./मिति | उपभोक्ताको नाम | भुक्तानी रकम | डोजर भाडा | विल रकम | मू.अ.कर | निर्माण व्यवसायी |
|---|---|---|---|---|---|---|
| २१६/०७६/३२६ | विद्यालय घेरावार नि.उ.स.अमरगढी मावि | ३४७७७३ | १४३५०० | १२६९९१.२ | १६५०८.८५ | भागरथी निर्माण सेवा |

**कार्यालयको नाम :** बडिकेदार गाउँपालिका, डोटी । **आ.व.२०७५।७६**

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | | | | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|---|---|---|
| | २३४/०७६/३/३० | वि.पि नगर वडा कार्यालय हुदै थला सम्मको कृषि सडक | १९६०००० | ३२५१५९० | २८७७५१३ | ३७४०७६.७ | भागरथी निर्माण सेवा | |
| | २३१/०७६/३/३० | बर्छैन कोट केना पुरान घाघल कृषि सडक सुधार | ४२६९९२ | २६०६१० | २३०६२८.३ | २९९८१.६८ | भागरथी निर्माण सेवा | |
| | १८०/०७६/३/९ | डाम्सीला देखि रन्तोला सडक | १५३४१७५ | ८१४१७५.५ | ७२०५०९.३ | ९३६६६.२१ | भागरथी निर्माण सेवा | |
| | १६८/०७६/२/२१ | नेटा खाम गर्जुवा सडेखाम सैनेही कृषि सडक | २८७९३४४ | १४५०९७० | १२८४०४४ | १६६९२५.७ | भागरथी निर्माण सेवा | |
| | १६६/०७६/२/२१ | वडा स्तरिय खेलमैदान नि. | ४१९३१२ | २४३३१२.६ | २१५३२०.९ | २७९९१.७२ | भागरथी निर्माण सेवा | |
| | १६२/०७६/२/२० | वि.पि नगर वडा कार्यालय हुदै थला सम्मको कृषि सडक | ९५७७०२ | ४५४००० | ४०१७६९.९ | ५२२३०.०९ | भागरथी निर्माण सेवा | |
| | १५४/०७६/२/३ | सुनालेख कालापानी पोखरी र्जसी वाजहुदै वोगटान सडक | ३३५०३८१ | १७७६३८० | १५७२०१८ | २०४३६२.३ | भागरथी निर्माण सेवा | |
| | १५३/०७६/२/३ | बागछेडा पातल कृषि सडक नि | ९५९५३३ | ४९०४८४.४ | ४३४०५७ | ५६४२७.४१ | भागरथी निर्माण सेवा | |
| | १४५/०७६/१/२७ | वाजवाटा वल्ले जुडि कृषि सडक | ७६७४२२ | ३८७४२२.९ | ३४२८५२.१ | ४४५७०.७८ | भागरथी निर्माण सेवा | |
| | १४४/०७६/१/२७ | खडेउली हुदै वरालगाउँ कृषि सडक | ३५२२७४० | १८३७९३४ | १६२६४९० | २११४४३.७ | भागरथी निर्माण सेवा | |
| | १४०/०७६/१/२६ | नेटाखाम गर्वुजा सडेखान कृषि सडक | १९२८००० | ११०६४२३ | ९७९१३५ | १२७२८७.५ | भागरथी निर्माण सेवा | |
| | १०२/०७५/१२/२७ | चौरखाली डाडा मेलखानी हुदै केदारमाडौ सम्म कृषि सडक | ९५६५६६ | ४९००५७ | ४३३६७८.८ | ५६३७८.२४ | भागरथी निर्माण सेवा | |
| | ८४/०७५/१२/१९ | लालविरे चौतारा देखि रिखापरवान पर्यटन सडक नि | १९१७२१० | ९९५७१६.९ | ८८११६५.४ | ११४५५१.५ | भागरथी निर्माण सेवा | |
| | ८३/०७५/१२/१९ | नेटाखान मार्कोट कृषि सडक | १९१९८६७ | ९९८३२२.७ | ८८३४७१.४ | ११४८५१.३ | भागरथी निर्माण सेवा | |
| | ६१/०७५/११/१७ | खडेउली हुदै वरालगाउँ कृषि सडक | १९५६१८६ | ९४६१८६.३ | ८३७३३३ | १०८८५३.३ | भागरथी निर्माण सेवा | |
| | ६०/०७५/११/१७ | सुवाखान देवली हुदै मान्ना कापडी कृषि सडक | १९२०००० | ९४२१७० | ८३३७७८.८ | १०८३९१.२ | भागरथी निर्माण सेवा | |
| | ५८/०७५/११/१७ | अगेडा दखी वजाड सम्म कृषि सडक | ४७९१७८ | २३५१६९ | २०८११४.२ | २७०५४.८४ | गणेश सापकोटा | |
| | ५७/०७५/११/१७ | वि.पि नगर वडा कार्यालय हुदै थला सम्मको कृषि सडक | ३८४०००० | २१६८५७८ | १९१९०९५ | २४९४८२.४ | भागरथी निर्माण सेवा | |
| | ५४/०७५/११/१७ | सुनालेख काला पोखरी वयलगाउँ कृषि सडक | १९१९८४३ | १०७९९९९ | ९५५७५१.३ | १२४२४७.७ | भागरथी निर्माण सेवा | |
| | ३३/०७५/१०/१५ | बर्छैन कोट केना पुरान घाघल कृषि सडक सुधार | ३३६००० | १७२०२६ | १५२२३५.४ | १९७९०.६ | भागरथी निर्माण सेवा | |
| | ३२/०७५/१०/१५ | अत्तर काडा मार्केट कृषि | १४४०००० | ७४५०७५ | ६५९३५८.४ | ८५७१६.५९ | भागरथी निर्माण सेवा | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २५/०७५/९/२९ | बर्छैन डाडा देखि बर्छैन गाउँ हुदै देवली उ.स | ४८२३३८ | २३९१८४ | २११६६७.३ | २७५१६.७४ | भागरथी निर्माण सेवा |
| २३/०७५/९/२९ | रजेडा मुडा हुदै देवली नि. | ९६०००० | ४२८२८८ | ३७९०१५.९ | ४९२७२.०७ | भागरथी निर्माण सेवा |
| २२/०७५/९/२९ | छड्यौली छेडा हुदै मान्ना कापडी कृषि सडक | १२९८००० | ६५१३०० | ५७६३७१.७ | ७४९२८.३२ | भागरथी निर्माण सेवा |
| | जम्मा | | | | २५६६५०८/ | |

५२. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ताबाट कार्य गराउदा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले व्यहोर्नु पर्नेमा रकम खुलाई सम्झौता गर्नु पर्दछ । एक्साभेटरबाट सडकको नयाँ ट्र्याक खोल्ने वा सडक सफा गर्ने कामको लागि उपभोक्ता र कार्यालय बीच सम्झौता भई कार्य सम्पन्न भएपछि उपभोक्ता समितिले पेश गरेको केही विल भरपाई परीक्षण गर्दा तोकिएको परिमाणको कार्य गर्न एक्साभेटरको वास्तविक भाडा र इन्धन बाहेक खर्च भएको देखिदैन भने कार्य सम्पन्न भएको विलमा उपभोक्ताले श्रमदान गरेको वा मेशिनबाट भएको काम बाहेक श्रमको उपयोग गरेको देखिदैन । यसबाट कार्यालयले उपभोक्तासँग गरेको सम्झौता भन्दा न्युन दरमा काम सम्पन्न भएको देखिन्छ । कार्यालयले उपभोक्तालाई रकम भुक्तानी दिनु पूर्व खर्चभएको बास्तविक विल भपाई जाँच गरी वास्तविक खर्चमा उपभोक्ताले सम्झौता अनुसार व्यहोर्नुपर्ने २० प्रतिशत रकम कट्टी गरी रकम भुक्तानी दिनुपर्नेमा वास्तविक लागत भन्दा बढी र उपभोक्ताले व्यहोनु पर्ने रकम कट्टा नगरी रकम भुक्तानी दिदाँ गाँउपालिकालाई थप व्ययभार पर्न गएको देखियो । लेखापरीक्षणले नसमेटिएका यस्ताखालका भुक्तानी समेत तहाँबाट छानविन गरी उपभोक्तालाई बढी भुक्तानी भएको असुल गर्न र देहाय अनुसारका उपभोक्ताबाट वास्तविक खर्चको आधारमा बढी भुक्तानी भएको तथा उपभोक्ताको अशं समेत असुल गरी राजस्व दाखिला गर्नु पर्ने रु. ७३१६७४५.५६

| भौ.नं.,मिति | उपभोक्ता समितिको नाम | दिनुपर्ने | दिएको | बढी रकम | २० प्रतिशत | जम्मा बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| १८०/०७६/३/९ | डाम्सिला देखी रन्तोला सडक | १५३४१७५ | १५३४१७५ | ० | ३०६८३५ | ३०६८३५ |
| १६८/०७६/२/२१ | नेटा खाम गर्जुवा सडेखाम सैनेही कृषि सडक | २८७९३४४ | २८७९३४४ | ० | ५७५८६८.८ | ५७५८६८.८ |
| १६६/०७६/२/२१ | वडा स्तरिय खेलमैदान नि. | ४७९३१२ | ४६८३१६.६ | १०९९५.३९ | ९३६६३.३२ | १०४६५८.७१ |
| १६२/०७६/२/२० | वि.पि नगर वडा कार्यालय हुदै थला सम्मको कृषि सडक | ९५७७०२ | ९२७७३३ | २९९६९ | १८५५४६.६ | २१५५१५.६ |
| १५४/०७६/२/३ | सुनालेख कालापानी पोखरी जंसी वाजहुदै वोगटान सडक | ३३५०३८१ | ३३५१३८१ | -१००० | ६७०२७६.२ | ६६९२७६.२ |
| १५३/०७६/२/३ | बागछेडा पातल कृषि सडक नि | ९४०८८४ | ९५९५३३ | -१८६४९ | १९१९०६.६ | १७३२५७.६ |
| १४५/०७६/१/२७ | वाजवाटा वल्ले जुडि कृषि सडक | ७६७४२२ | ७४७४२२.९ | १९९९९.१ | १४९४८४.६ | १६९४८३.६८ |
| १४४/०७६/१/२७ | खडेउली हुदै वरालगाउँ कृषि सडक | ३५२२६४० | ३५०२९३५ | १९७०५ | ७००५८७ | ७२०२९२ |
| १४०/०७६/१/२६ | नेटाखाम गर्वुजा सडेखान कृषि सडक | १९२८००० | १९२८०४९ | -४८.५७ | ३८५६०९.७ | ३८५५६१.१४ |
| १०२/०७५/१२/२७ | चौरखाली डाडा मेलखानी हुदै केदारमाडौ सम्म कृषि सडक | ९५६५६६ | ९४००५८ | १६५०८ | १८८०११.६ | २०४५१९.६ |
| ८४/०७५/१२/१९ | लालविरे चौतारा देखि रिखापरवान पर्यटन सडक नि | १९१७२१० | १८९५७१७ | २१४९३.१ | ३७९१४३.४ | ४००६३६.४८ |
| ८३/०७५/१२/१९ | नेटाखान मार्कोट कृषि सडक | १९१९८६७ | १८९८३२३ | २१५४४.३ | ३७९६६४.५ | ४०१२०८.८४ |
| ६१/०७५/११/१७ | खडेउली हुदै वरालगाउँ कृषि सडक | १७५६१८६ | १७५६१८६ | -०.३७ | ३५१२३७.३ | ३५१२३६.९०४ |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>६०/०७५/११/१७</td><td>सुवाखान देवली हुदै मान्ना कापडी कृषि सडक</td><td>१९२००००</td><td>१८४२४८९</td><td>७७५११</td><td>३६८४९७.८</td><td>४४६००८.८</td></tr>
<tr><td>५८/०७५/११/१७</td><td>अगेडा दखी वजाड सम्म कृषि सडक</td><td>४७९१७८</td><td>४६०१७०</td><td>१९००८</td><td>९२०३४</td><td>१११०४२</td></tr>
<tr><td>५७/०७५/११/१७</td><td>वि.पि नगर वडा कार्यालय हुदै थला सम्मको कृषि सडक</td><td>३८४००००</td><td>३८५५९९७</td><td>-१५९९७</td><td>७७११९९.४</td><td>७५५२०२.४</td></tr>
<tr><td>५४/०७५/११/१७</td><td>सुनालेख काला पोखरी वयलगाउँ कृषि सडक</td><td>१९१९८४३</td><td>१९९९८४३</td><td>-८००००</td><td>३९९९६८.६</td><td>३१९९६८.६</td></tr>
<tr><td>३३/०७५/१०/१५</td><td>बर्छैन कोट केना पुरान घाघल कृषि सडक सुधार</td><td>३३६०००</td><td>३३००३५</td><td>५९६५</td><td>६६००७</td><td>७१९७२</td></tr>
<tr><td>३२/०७५/१०/१५</td><td>अत्तर काडा मार्केट कृषि</td><td>१४४००००</td><td>१४२००४२</td><td>१९९५८</td><td>२८४००८.४</td><td>३०३९६६.४</td></tr>
<tr><td>२५/०७५/९/२९</td><td>बर्छैन डाडा देखि बर्छैन गाउँ हुदै देवली उ.स</td><td>४८२३३८</td><td>४८६७१०</td><td>-४३७२</td><td>९७३४२</td><td>९२९७०</td></tr>
<tr><td>२३/०७५/९/२९</td><td>रजेडा मुडा हुदै देवली नि.</td><td>९६००००</td><td>८७८२२५</td><td>८१७७५</td><td>१७५६४५</td><td>२५७४२०</td></tr>
<tr><td>२२/०७५/९/२९</td><td>छड्यौली छेडा हुदै मान्ना कापडी कृषि सडक</td><td>१२९८०००</td><td>१२७२६९४</td><td>२५३०६</td><td>२५४५३८.८</td><td>२७९८४४.८</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>७३१६७४५.५६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५३.</td><td>
सहकारी ऐन,२०४८ अनुसार दर्ता भएका बचत तथा ऋण सहकारी संस्थाहरु निश्चित व्यक्तिहरुको समुहबाट सञ्चालन भएका र नाफामूलक संस्थाहरु हुन । यस्ता संस्थाले आर्जन गरेको नाफाबाट आफ्ना लगानी कर्ताहरु मात्र लाभान्वित हुन्छन । साथै सहकारी संस्थाहरुको भवन समुहको वा व्यक्तिगत घरमा भाडामा समेत रहेका हुन्छन । यस्ता संस्था सुदृढीकरणको नाममा घेरावार, भवन निर्माण मर्मत, फर्निचर खरिद जस्ता कार्य गर्न अनुदान रकम दिनु हुदैन । गाउँपालिकाले यस्तै प्रयोजनार्थ देहायका सहकारीलाई रकम उपलव्ध गराएको देखियो । यस्तो अनुदान रकम नियम सम्मत नदेखिएको रु.
<table>
<tr><td>भौ.नं./मिति</td><td>सहकारी संस्थाको नाम</td><td>प्रयोजन</td><td>खर्च रकम</td></tr>
<tr><td>२४९/०७६/३/३१</td><td>नमुना सूर्यमूखी महिला समूह</td><td>भवन निर्माण</td><td>२०००००</td></tr>
<tr><td>१८४/०७६/३/१२</td><td>सुनौलो महिला सहकारी संस्था लि.</td><td>भवन निर्माण</td><td>१९९४२८</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३९९४२८/-</td></tr>
</table>
</td><td>३९९४२८/-</td></tr>
<tr><td>५४.</td><td>
सुचना प्रशारणमा अग्रिम करः आय कर ऐन,२०५८ को दफा ८८ मा सेवा भुक्तानीमा १५ प्रतिशतको दरले श्रोतमा अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । एफ एम रेडियोहरु मू.अ.करमा दर्ता समेत नभएको र देहाय अनुसारका एफ एम रेडियोले सन्देशमूलक सूचना प्रशारण गरेकोमा १५ प्रतिशतको दरले अग्रिम कर कट्टी गर्नुपर्नेमा कर कट्टी छुट भएको देखिएकोले छुट कर सम्बन्धित फर्मबाट असुल उपर गरी संघिय राजस्वमा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>रेडियोको नाम</th><th>भुक्तानी रकम</th><th>कट्टी हुनुपर्ने कर</th><th>कट्टी कर</th><th>छुट कर</th></tr>
<tr><td>५३/०७५/८/२५</td><td>नेपालपथ राष्ट्रिय दैनिक,दिपायल</td><td>१३०००.००</td><td>१९५०.००</td><td>१९५.००</td><td>१७५५.००</td></tr>
<tr><td>३१३/०७६/३/३</td><td>अग्निपथ दैनिक अत्तरिया कैलाली</td><td>५२०००.००</td><td>७८००.००</td><td>७८०.००</td><td>७०२०.००</td></tr>
<tr><td>३८८/०७६/३/२५</td><td>दिपायल पोष्ट राष्ट्रिय दैनिक</td><td>२००००.००</td><td>३०००.००</td><td>३००.००</td><td>२७००.००</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>११४७५/-</td></tr>
</table>
</td><td>११४७५/-</td></tr>
</table>

**कार्यालयको नाम :** बडिकेदार गाउँपालिका, डोटी । **आ.व.२०७५।७६**

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५५. | आय कर ऐन, २०५८ को दफा ८८(१) बमोजिम बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको ब्याज, प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क भुक्तानी गर्दा कूल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नु पर्ने उल्लेख छ । गाउँपालिका भुक्तानी भएका निम्नानुसार भुक्तानी गरेकोमा स्रोतमा हुने कर १५ प्रतिशत कट्टी नगरी भुक्तानी गरेको देखियो । यसरी स्रोतमा गर्नुपर्ने कर रु. **३७२००/-** सम्बन्धितबाट असुल हुनुपर्ने रु. | ३७२००/- |

| गो.भौ.नं./मिति | व्यक्ति वा संस्था | प्रयोजन | रकम | कट्टा रकम | १५ प्रतिशत कर |
|---|---|---|---|---|---|
| २४/०७५/७/१९ | हिमालय विष्ट | न्यायिक जवाफ लेखेको | २००००.०० | ० | ३०००.०० |
| २८९/०७६/२/१९ | असहाय सेवा संघ,धनगढी( ३०१५०६८१२) | सिप विकास तथा जनचेतना तालिम | २०००००.०० | ७४०० | २२६००.०० |
| १८८/०७५/१२/२५ | बागेश्वरी असल शासन क्वल(बास) | सार्वजनिक सुनुवाई | १०००००.०० | ३४०० | ११६००.०० |
| **जम्मा** | | | | | **३७२००/-** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५६. | **अग्रीम कर** : आयकर ऐन ०५८ को दफा ८८ मा परामर्शको लागि रकम वितरण गर्दा मूल्य अभिवृद्धि करमा दर्ता नभएकालाई १५ प्रतिशतका दरले अग्रीम करकट्टी हुनुपर्ने व्यवस्था छ । गाउपालिकाको तालिम संचालनका लागि नवजागरण महिला सहकारी संस्थालाइ १,००,०००। भुक्तानि दिएकोमा भुक्तानिमा १५ प्रतिशत अग्रीम कर कट्टा नगरेकोले उक्त कर रकम रु १५,०००। सम्वन्धीतवाट असुल गरि संघिय राजस्व खातामा दाखिला गर्नुपर्ने रु | १५०००/- |
| | **दैनिक भ्रमण भत्ता तथा पदाधिकारी सुबिधा सम्बन्धी खर्चको लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |
| ५७. | १७९।०७६।३।९ दैनिक भ्रमण भत्ता नियमावली,२०६४ मा भ्रमण गर्ने पदाधिकारीले भ्रमण खर्च लिदाँ भ्रमणको उद्देश्य र त्यसबाट देखिएको व्यहोरा सहितको प्रतिवेदन दिनुपर्ने व्यवस्था छ । देहायका पदाधिकारीले विभिन्न योजना अनुगमन गरेको करण देखाई रु.५३०००। दैनिक भ्रमण खर्च लिएको देखिदा उक्त भ्रमण खर्चको औचित्य पुष्टि हुने कागजात सहितको प्रमाण पेश हुनुपर्ने अन्यथा निजहरुबाट रकम असुल उपर हुनुपर्ने रु. | ५३०००/- |

| सि.नं. | पदाधिकारीको नाम | रकम |
|---|---|---|
| १ | समन्वय प्रमुख श्री राम ब ऐर | १३०००.०० |
| २ | समन्वय सदस्य श्री डम्बर ब.बोगटी | १००००.०० |
| ३ | समन्वय सदस्य श्री घनश्याम जोशी | १००००.०० |
| ४ | समन्वय सदस्य श्री खेमराज गुरुङ्ग | १००००.०० |
| ५ | ना.सु.हरी सुन्दर शर्मा | १००००.०० |
| | जम्मा | ५३०००/- |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५८. | **१३४।०७६।१।२०** सुदुरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधाको सम्बन्धी ऐन, २०७५ को दफा १२ मा ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाइने व्यवस्था छ । निम्न पदाधिकारीले योजना अनुगमन वापत दैनिक भ्रमण भत्ता लिईसकेपछि पुन: अनुगमन भत्तावापत रु.१०००। को दरले खर्च लिएको हुदाँ उक्त खर्च लेख्न पाउने आधार प्रमाण नभएको हुदाँ निजबाट असुल उपर हुनुपर्ने रु. | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | (तालिका तल) | ३१००००/- |

| सि.नं. | अनुगमन कर्ताको नाम | अनुगमन गरिएको संख्या | रकम |
|---|---|---|---|
| १ | अध्यक्ष कृष्ण ब.चन्द | ४० | ४०००० |
| २ | उपाध्यक्ष इन्द्रा बोहरा | ८० | ८०००० |
| ३ | का.स.टिकाराम भुल | २० | २०००० |
| ४ | का.स.दिपक ब.ढोली | २५ | २५००० |
| ५ | पू.वि.स.संयोजक टोप ब.चन्द | ८० | ८०००० |
| ६ | ई.जयराज जोशी | २५ | २५००० |
| ७ | स.ई.हिक्मत ब.बलायर | २० | २०००० |
| ८ | ना.सु.राजेन्द्र कु.चन्द | २० | २०००० |
| | जम्मा | | ३१००००/- |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५९. | **१२७।०७५।१०।१२** भ्रमण खर्च नियमावली,२०६४ को नियम १८(१) अनुसार भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको बीलभरी भ्रमण प्रतिवेदन साथ आवश्यक बीलभर्पाई सहित कार्यालयमा पेश गर्नु पर्ने व्यवस्था उल्लेख छ । गाउँपालिका उप प्रमुख इन्द्रा बोहराको मिति २०७५।९।२७ देखि २०७५।१०।३ सम्म भ्रमण आदेश स्वीकृत भएकोमा धनगढी देखि काठमाण्डौ आते जाते हवाई टिकट पेश गरेकोमा टिकट एउटा एयरलायन्सको बोडिङ्गपास अर्को एयरलायन्सको राखी (मिति पनि मेल नखाने गरी) रु.११६००। भुक्तानी लेगेको देखियो । निजको बुद्ध एयरको टिकट (CWZ3VD/8106498) को स्टाटसमा ३३००। मात्र उल्लेख गरेको देखिएकोले यस सम्बन्धमा छानविन गरी बढी दरमा भुक्तानी लिएको रकम रु.८३००। निजबाट असुल गर्नुपर्ने रु. | ८३००/- |
| ६०. | भ्रमण खर्च लेख्दा एउटै व्यक्तिलाई एकै समयमा दोहोरो खर्च भुक्तानी गर्न नहुनेमा निम्नानुसार व्यक्ति तथा पदाधिकारीहरुले एक पटक भुक्तानी भै सकेकोमा पुन सोही अवधिको भ्रमण आदेश स्वीकृत गरी दोहोरो भत्ता खर्च लेखेकोमा निजहरुबाट उक्त रकम असुल गर्नुपर्ने रु. | १७७५०/- |

| सि.नं. | पदाधिकारीको नाम,पद | भ्रमण अवधि | पुन अवधि | दिन | रकम |
|---|---|---|---|---|---|
| १. | उपाध्यक्ष इन्द्रा वोहरा | १०/८-१०/१३ | १०/१०-१०/१६ | ४ | ६००० |
| | | ८/१-८/४ | ८/४-८/६ | १ | १५०० |
| | | | ८/६-८/८ | १ | १५०० |
| २. | वडा स.टोप ब.चन्द्र | ५/४-५/१० | ५/४-५/१० | ७ | ८७५० |
| | | | | **जम्मा** | **१७७५०/-** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६१. | **अनुगमन भत्ताः :४०८।०७६।३।२९** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ मा | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>पदाधिकारीहरुलाई योजना अनुगमन गरेको भत्ता भुक्तानी गर्ने सम्बन्धमा कुनै उल्लेख गरेको छैन । आफ्नो क्षेत्र भित्रका योजना अनुगमन गरेको भनी निम्न पदाधिकारीहरुलाई भत्ता वितरण गरेको देखियो । यसरी आफ्नो वडा भित्रको योजना अनुगमन गरेको भत्ता दिन मिल्ने आधार नदेखिएकोले आधार प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.
<table>
<tr><th>पदाधिकारीको नाम र पद</th><th>अनुगमन मिति</th><th>रकम</th></tr>
<tr><td rowspan="3">२ नं. वडा अध्यक्ष राम ब.नाम्जाली</td><td>०७६/३/५-१२</td><td>८४००.००</td></tr>
<tr><td>०७६/२/५-१२</td><td>८४००.००</td></tr>
<tr><td>०७५/११/७-१४</td><td>८४००.००</td></tr>
<tr><td rowspan="2">छत्र बहादुर चन्द</td><td>०७६/१/२०-२६</td><td>७५००.००</td></tr>
<tr><td>०७६/१/२-८</td><td>७५००.००</td></tr>
<tr><td>मोहन कामी</td><td>०७६/२/५-१२</td><td>८४००.००</td></tr>
<tr><td rowspan="2">तारा देवि साउद</td><td>०७६/१/१२-१८</td><td>७५००.००</td></tr>
<tr><td>०७६/१/११-१६</td><td>७५००.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>६३६००/-</td></tr>
</table>
</td><td>६३६००/-</td></tr>
<tr><td>६२.</td><td>दैनिक भ्रमण भत्ता: कार्यलयले दैनिक भ्रमण खर्च दिनुपूर्व भ्रमण गर्ने उदेश्य स्पष्ट हुनुपर्दछ ।भ्रमण गर्नुपर्ने अवस्था भएपछि स्वीकृत भ्रमण आदेश अनुरुप भ्रमण गर्ने पदाधिकारीलेभ्रमण गरि कार्यालयमा फर्केको ३५ दिन भित्र भ्रमण को उपलव्धी सहितको प्रतिवेदन पेश गर्नूपर्दछ । यसवर्ष कार्यालयले उपलव्ध गराएको विवरण अनुसार रु.१२३५९६०/-भ्रमण खर्च भएको छ । भ्रमण खर्च गरेको खर्च सम्वन्धी केही फाटवारी परीक्षण गर्दा भ्रमण गर्ने पदाधिकारीले भ्रमण प्रतिवेदन पेश नगरेको र भ्रमणको उपलव्धी मापन गर्न सकिने आधार देखिएन । भ्रमण खर्चलाइ आवश्यकताको आधारमा भन्दा सुविधाको आधारमा खर्च लेख्ने परम्पराले सरकारी खर्चको दुरुपयोग हुने जोखिम देखियो । यसर्थ गाउँपालिकाका, अध्यक्ष तथा उपाध्यक्ष, वडा अध्यक्ष तथा सदस्यहरुले अनुगमनका नाममा रु. १२३५९६०/-दैनिक भ्रमण खर्च लिएको देखियो । यस्तो खर्चगर्ने परीपाटीमा नियन्त्रण हुनुपर्दछ ।
<table>
<tr><th>भ्रमण गर्ने पदाधिकारीको नाम</th><th>पद</th><th>बार्षिक भुक्तानी</th></tr>
<tr><td>श्री कृष्ण बहादुर चन्द</td><td>अध्यक्ष</td><td>१८३५००</td></tr>
<tr><td>श्री  ईन्द्रा बोहरा भाट</td><td>उपाध्यक्ष</td><td>२४६६३५</td></tr>
<tr><td>श्री निर्मला देवी दमाई</td><td>का.पा.सदस्य</td><td>२९१५०</td></tr>
<tr><td>श्री पदमा देवी नेपाली</td><td>का.पा.सदस्य</td><td>४७२००</td></tr>
<tr><td>श्री टिकाराम भुल</td><td>का.पा.सदस्य</td><td>११५००</td></tr>
</table>
</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | |
|---|---|---|
| श्री दिपक नेपाली | का.पा.सदस्य | ११५०० |
| श्री टोप बहादुर चन्द | वडा सदस्य | १८१८०० |
| श्री छत्र बहादुर चन्द | वडा सदस्य | ३४००० |
| श्री मोहन कामी | वडा सदस्य | ८४०० |
| श्री रुपा सार्की | वडा सदस्य | ७५०० |
| श्री तारा देवी साउद | वडा सदस्य | ७५०० |
| श्री लिलाधर सापकोटा | वडाध्यक्ष | २११०० |
| श्री राम बहादुर नाम्जाली | वडाध्यक्ष | ५०४०० |
| श्री बुद्धिसागर बिनाडी | वडाध्यक्ष | १०७९०० |
| श्री भागा देवी मल्ल | का.पा.सदस्य | ४६३०० |
| श्री चित्रा देवी चन्द | का.पा.सदस्य | २९१५० |
| श्री ठक्कर बहादुर बोहरा | वडा सदस्य | १७५०० |
| श्री ठगनी देवी कलेल | वडा सदस्य | ८६०० |
| श्री बिरेन्द्र बहादुर कोटकेनी | वडाध्यक्ष | ९२४०० |
| श्री डवल बहादुर बोहरा | वडाध्यक्ष | ५५८७५ |
| श्री प्रेम बहादुर जेठारा | वडा सदस्य | २०८५० |
| श्री केशर सिह बोहरा | वडा सदस्य | १७२०० |
| जम्मा | | १२३५९६०/- |

६३. **भ्रमण खर्च :** सुदुर पश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् :

- अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।
- नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।
- भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।
- कतिपय भ्रमणहरु गाउँपालिकासँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।
- स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>भुक्तानी गर्ने गरेको ।<br><br>अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६४.</td><td>वडा कार्यालयबाट भएको खर्च : गाउँपालिकाले  वडा कार्यालयलाई जम्मा रु.४०,४७,६६७ भुक्तानी दिएको छ । वडा कार्यालयसँग सम्बन्धित खर्चहरु नगर कार्यपालिकाबाट भुक्तानी भईरहेको अवस्थामा वडा कार्यालयबाट थप बैठक भत्ता, जिन्सी सामान खरिद, अनुगमन/भ्रमण लगायतका कार्यमा खर्च भएका छन् । यसरी वडागत रुपमा खर्च गर्दा जिन्सी विवरण अद्यावधिक नभएको, वडा कार्यालयको खर्चमा एकरुपता नदेखिएको तथा गाउँपालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने जोखिम समेत देखिएकाले दुई निकायबाट खर्च गर्ने परिपाटी नियन्त्रण गरी खर्चमा एकद्वार पद्धति कायम गर्न ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६५.</td><td>स्थानीय तहका पदाधिकारी सुविधा : नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार गाउँपालिकाबाट देहाय बमोजिम रु.३४५६०००/-सुविधा वापत भुक्तानी भएको छ ।
<table>
<tr><td>सि. नं</td><td>विवरण</td><td>अध्यक्ष</td><td>उपाध्यक्ष</td><td>वडा अध्यक्ष ५ जना</td><td>कार्यपालिका सदस्य ६ जना</td><td>सभाका सदस्य १६जना</td><td>जम्मा</td></tr>
<tr><td>१.</td><td>मासिक सुविधा</td><td>३६००००</td><td>३०००००</td><td>१२०००००</td><td>५७६०००</td><td>९६००००</td><td>३३९६०००</td></tr>
<tr><td>२.</td><td>सञ्चार सुविधा (मासिक दरमा)</td><td>१८०००</td><td>१२०००</td><td>३००००</td><td>०</td><td>०</td><td>६००००</td></tr>
<tr><td colspan="7" align="right">जम्मा</td><td>३४५६०००/</td></tr>
</table></td><td></td></tr>
<tr><td>६६.</td><td>पदाधिकारी अन्य सुविधाः सुदुरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधाको सम्बन्धी ऐन, २०७५ को दफा १२ मा ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाइने व्यवस्था छ । गाउँपालिकाले ऐनले तोकेको  सुबिधावाहेक बर्ष भरी बैठक भत्ता रु.१२३६०००। तथा इन्धनवापत रु.९०५८५०। सहित जम्मा रु.२१४१८५०। सुविधा खर्च लेखेको देखियो । यसरी ऐनमा व्यवस्था नभई लिएको उक्त रकम नियम संगत नदेखिएको रु.</td><td>२१४१८५०/-</td></tr>
<tr><td>६७.</td><td>आर्थिक सहायता : स्थानीय सरकार संचालन ऐन, २०७४ को  दफा १०२ बमोजिम गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र कार्य गर्ने आवश्यक पेर्ने ऐन, नियम, निर्देशिका, कार्यविधि बनाई स्थानीय राजपत्रमा प्रकाशित गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले यस प्रकारको कुनै पनि कानून तथा कार्यविधि बेगर विलभरपाईका</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>आधारमा स्थानीय उद्दार, राहात तथा पुन:स्थापना, विपन्न वर्गलाई औषधि उपचार लगायतकाका कार्यमा आर्थिक सहायता उपलव्ध गराएको छ । यसरी खर्चको विल भरपाई राखी गाउँ कार्यपालिकाको विभिन्न मितिको निर्णय अनुसार रु.१०,०००। देखि रु.२०,०००। सम्म जम्मा रु.१,५०,०००। आर्थिक सहायता वितरण गरेको छ । यस्तो सहयोग उपलब्ध गराउँदा आवश्यक कानून तथा कार्यविधि बनाई सोको आधारमा सदुपयोग हुने गरी वितरण गर्नेतर्फ समेत ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>समानिकरण चालु तर्फ</td><td></td></tr>
<tr><td>६८.</td><td>१६४।०७५।११।२८ भुमिगत खानेपानी योजनाका बनाउनको लागि चाहिने इक्वीपमेन्ट ढुवानीको लागि बाटो साघुरो भएको कारण फराकिलो बनाउन एक्साभेटरबाट बाटो खनेको भनि भागरथी निर्माण सेवा( ६०८६४८७०७) सँग सम्झौता गरी प्रति घण्टा ७०००। का दरले १७ घण्टाको रु.११९०००। भुक्तानी गरेको देखियो । कार्यालयले भुमिगत खानेपानी योजनाको लागि छुट्टै सप्लायर्ससँग सम्झौता गरि कार्य गरेकोमा बाटो फराकिलो बनाउनको लागि छुट्टै लागत अनुमान तयार गरी कार्य गर्नु पर्नेमा सोझै सम्झौता गरी प्रति घण्टाको दरमा भुक्तानी गरेको छ । उक्त एक्साभेटर कति चल्यो सो प्रमाणित गर्ने लगबुक पनि नभएकोले नियम सम्मत नभएको रु.</td><td>११९०००/-</td></tr>
<tr><td>६९.</td><td>अन्य प्रयोजनको खर्च: गाउँपालिकाको स्वीकृत बजेट भित्र तोकिएको खर्च शिर्षकमा पर्छ भने मात्र खर्च गर्न सक्नेमा गाउँपालिकाले अन्य कार्यलय वा संस्थाहरुको खर्च रकम भुक्तानी तथा नगद अनुदान समेत प्रदान गरेको छ । अन्य कार्यलय /संस्था लाई भुक्तान रकम नियम संगत नदेखिएको रु
<table>
<tr><th>गो भौ न /मिति</th><th>संस्था</th><th>प्रयोजन</th><th>रकम रु</th></tr>
<tr><td>१६/०७५/६/१९</td><td>इलाका प्रहरी कार्यालय,खड्यौली</td><td>विविध</td><td>२००००</td></tr>
<tr><td>३१/०७५/८/११</td><td>इलाका प्रहरी कार्यालय,खड्यौली</td><td>विविध</td><td>२००००</td></tr>
<tr><td>४१३/०७६/३/३०</td><td>इलाका प्रहरी कार्यालय,खड्यौली</td><td>विविध</td><td>३००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>७०,०००/-</td></tr>
</table>
</td><td>७००००/-</td></tr>
<tr><td>७०.</td><td>१९४।०७५।१२।२० गाउँपालिकाको स्वीकृत कार्यक्रम धार्मिक तथा सांस्कृतिक संस्था सहायता अन्तगत एम.जि.के पञ्चेवाजा समाजलाई पञ्चेवाजा खरिदकोलागि लागत अनुमान रु.२९००००। स्वीकृत गरेको देखिन्छ । ७५ केजी तामा खरिद गर्ने लागत अनुमान रहेकोमा उक्त समितिको विल अनुसार ४९।४६ केजी मात्र तामा खरिद गरेको देखियो । प्रति केजी रु.२०००। दरमा ४९।४६ केजीको रु.९८९२०। हुनुपर्नेमा कार्य सम्पन्न प्रतिवेदनमा ७५ केजीको नापी गरी भुक्तानी लगेकोमा वास्तविक भन्दा २५.५४ केजी को रु.५१०८०। बढी भुक्तानी भएकोले सो बढी रकम उक्त समितिको अनुपातिक अशं कट्टा गरी रु.५१०८०। असुल उपर गर्नुपर्ने रु.</td><td>५१०८०/-</td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>७१.</td><td>भुक्तानी दिन बाकींको विवरण तयार नगरेको : ६।०७५।६।१७ चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने भएमा बिल भर्पाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिनपर्ने कारण खोली तोकिएको ढाँचामा भुक्तानी दिन बाँकीको कच्चावारीमा चढाई श्रावण १५ गतेभित्र कार्यालय प्रमूख र को.ले.नि.का.बाट प्रमाणित गराई राख्नुपर्नेमा कार्यालयले निर्वाचित २९ जना पदाधिकारीहरुको २०७४।७५ को पारिश्रमिक सुविधाको दायित्व भुक्तानीको कच्चावारी तयार नगरी रु.४२४६०००। भुक्तानी गरेको देखियो । गत बर्ष उक्त रकम दिए नदिएको एकिन गर्न सकिएन तसर्थ यस सम्बन्धमा तहाँबाटै छानविन हुनुपर्दछ । गत बर्षको रकम चालु आवमा भुक्तानी गर्दा अन्य कार्यक्रममा असर पर्ने हुनाले यस तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>७२.</td><td>अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७५ को परिच्छेद ७ को ७.१.१५ अनुसार गोष्ठी, सेमिनार, सम्मेलन, कार्यशाला, तालिम, जस्ता समारोह उद्धघाटन, समापन मा सहभागीहरुलाई प्रतिदिन प्रति व्यक्ति पाउने पारिश्रमिक तथा अन्य सुविधा उल्लेख छ । सो अनुसार तालिममा सहभागीहरुलाई सो मापदण्ड भन्दा बढीमा खर्च गरी तालिम सञ्चालन गर्नु परेमा अर्थ मन्त्रालयको पूर्वस्वीकृति लिएर मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाद्धारा सञ्चालित विभिन्न कार्यक्रमहरुमा निम्नानुसार निर्देशिकाले तोकेको दरभन्दा बढी दरले खर्च लेखेको कार्यक्रम सञ्चालकबाट असुल गर्नुपर्दछ रु.
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>कार्यक्रम</th><th>पारिश्रमिक भुक्तानी भएको विषय</th><th>व्यक्ति</th><th>तोकेको दर</th><th>भुक्तानी दर</th><th>बढी दर</th><th>संख्या</th><th>बढी भुक्तानी रु</th></tr>
<tr><td rowspan="2">१४१/०७५/११/१७</td><td rowspan="2">प्रजनन स्वास्थ्य सुरक्षित मातृत्व,महिनावारी र सरसफाई कार्यक्रम</td><td rowspan="2">श्रोत व्यक्ति</td><td>धर्मानन्द जोशी</td><td>१०००</td><td>१६००</td><td>६००</td><td>६</td><td>३०६०/-</td></tr>
<tr><td>जानकी क्षेत्री</td><td>१०००</td><td>१६००</td><td>६००</td><td>२</td><td>१०२०/-</td></tr>
<tr><td></td><td colspan="7" align="right">जम्मा</td><td>४०८०/-</td></tr>
</table></td><td>४०८०/-</td></tr>
<tr><td>७३.</td><td>आवासिय तालिम २५५,२६२।०७६।१।३० :पालिकाले स्थानिय जनप्रतिनिधीहरुको क्षमता अभिवृद्धि तथा न्यायिक कार्य प्रशिक्षण कार्यकमका लागि सैपाल होटल कैलालीलाई प्रतिव्यक्ति २०००।का दरले २०७६।१।१७ देखि २०७६।१।२१ सम्म, ५ दिन लागि खाने वस्ने व्यावस्था वापत २०७६।१।१५ मा सम्झौता गरेको छ । होटलसंग गरेको सम्झौता अनुसार प्रति व्यक्ति २०००। का दरले ३९ जनाको प्रतिदिनको खर्च रु ७८०००। हुन्छ र सो अनुसार ५ दिनको ३,९०,०००। र मू.अ.कर समेत रु ४,४०,७००। मात्र हुने देखिएकोमा कार्यालयले सो कार्यकम वापत भौ न २६२ वाट थप भत्ता भनि ३,३०,०००। खर्च लेखेको हुदा सो खर्च लेख्न पाउने आधार प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल उपर हुनुपर्ने रु</td><td>३३००००/-</td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ७४. | **२१४।०७६।१।८** पाठेघर खसेका महिलाहरुको उपचारका वापत उपाध्यक्ष इन्द्राकुमारी वोहोरा को पेश्की फछ्यौटको फाँटवारी परीक्षण गर्दा निसर्ग हस्पीटल एण्ड रिसर्च सेन्टर प्रा.लि मा महिलाहरुलाई उपचार गराएको भनि रु २,००,०००। भुक्तानि भएको छ ।सो फाटवारीमा खाजाको विल वापतका विलहरुमा रु १,१०,५५३। खर्च मात्र देखाइएको छ । विरामी को विवरण सहितको प्रमाण नदेखिएको र उपचार वापत अस्पतालको विल विजक नदेखिएको हुदा कति महिलाहरुको स्वास्थ्य परीक्षण भएको हो सो सहित अस्पतालमा उपचार गराएको प्रमाण पेश हुनुपर्ने अन्यथा सम्वन्धीतवाट असुल हुनुपर्ने देखिएको रु | २०००००/- |
| ७५. | **सामाजिक सुरक्षा भत्ताः** ४४५।०७६।३।३० सामाजिक सुरक्षा वापतको भूक्तानि सामाजिक सुरक्षा खर्चवाट नै लेख्नुपर्दछ । तर गाउपालिकाले सामाजिक सुरक्षा वापतको १४ जनाको तेस्रो किस्ता छुट भनि वित्तीय समानीकरण चालु अनुदानवाट वाडेको रु ८०,०००। MIS Data sheet संग भिडान हुन नसकेकोले सो रकम पाउनुपर्ने व्यक्तिले नै पाएका हुन वा होइनन एकिन हुन नसकेकोले पालिकावाट छानविन गरि प्रमाण पेश हुनुपर्ने रु | ८००००/- |
| | **बिषयगत कार्यक्रमको लेखापरीषणबाट देखिएका व्यहोरा** | |
| | **शिक्षा तर्फ** | |
| ७६. | **संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमको कार्यान्वयन निर्देशिका पालना नभएको :** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७५ को क्रियाकलाप नं २.१५.११.७८८ बमोजिम स्थानीय तहले विगतमा विगतमा यस्तो अनुदान प्राप्त नगरेका माध्यमिक विद्यालयलाई प्रस्तावका आधारमा छनौट गरी प्रति विद्यालय रु ६लाख ५० हजार पुस्तकालय स्थापना तथा व्यवस्थापन अनुदान उपलब्ध गराउनुपर्दछ । गाँउपालिकालाई विद्यालय पुस्तकालय अनुदान बापत प्राप्त रु ६५००००.०० कार्यालयले श्री केदारेश्वर मा.बि, श्री दुर्गा मा.बि, श्री लक्ष्मी मा.बि, श्री विरेन्द्र मा.बि लाई जनही रु १६२०००.० को दरले निकासा गरेको छ । संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम प्राप्त निर्देशिका पालना नगरी, अनुदान रकम वितरण गरिनु उचित देखिएन । | |
| ७६.१. | **ICT अनुदान :** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७५, मा शिक्षण सिकाइमा सुचना प्रविधि (ICT) को प्रयोगको व्यवस्था ( क्रियाकलाप नं २.१५.११.७९४) बमोजिम अनुदान प्रदान गर्ने स्थानीय तहले इन्टरनेट पहुँच भएको तथा नियमित विद्युतको आपूर्ति भएका विद्यालयहरुको विवरण तयार गरी ती विद्यालयबाट प्रस्ताव माग गरी प्रस्तावहरुको मूल्याङकनको आधारमा विद्यालय छनौट गरी प्रति विद्यालय रु ६ लाख ५० हजारका दरले एकमुष्ठ अनुदान निकासा गर्नुपर्दछ । गाँउपालिकालाई सो शिर्षकबापत रु ६५००००.० अनुदान प्राप्त भएकोमा देहायका विद्यालयलाई निम्न बमोजिम बिनियोजन गरी कार्यालयले निकासा गरेको छ । संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम प्राप्त निर्देशिका पालना नगरी, अनुदान रकम दामासाहीले वितरण गरिनु उचित देखिएन । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | भौ.नं /मिती — विद्यालय — रकम: १०४/२०७६/२/१९ भौरब आ.बि १६२०००.०; १०५/२०७६/२/२० जनता मा.बि १६२०००.०; ११२/२०७६/३/६ मुहन्याल आ.बि १६२०००.०; १५४/२०७६/३/२९ दुर्गा मा.बि ७५०००.० | |
| ७६.२. | कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७५/७६ बमोजिम पानी तथा स्वस्थ्य र सरसफाई सहितको शौचालय निर्माणका लागि स्थानी तहले प्रति विद्यालय रु ७ लाखका दरले उपलब्ध गराउने कुरा किटान गरिएको छ । साथै विद्यालय शौचालय निर्माण गर्दा मानव विकास केन्द्रबाट स्वीकृत ड्रइ्ग डिजाईन प्रयोग गरिनुपर्दछ । कार्यालयले विद्यालय शौचालय निर्माणका लागि प्राप्त रकम देहायका विद्यालयलाई निम्नानुसार विभाजन गरी भुक्तानी गरेको र शौचालय निर्माण गर्दा स्वीकृत ड्रइ्ग डिजाईन प्रयोग समेत नभएकोले निर्मित शौचालय तोकिएको ड्रईङ डिजाईन अनुसार तयार भए नभएको आश्वस्त हुन नसकिएको र प्राप्त निर्देशिका पालना नगरी रकम खर्च गरेको नियमित नदेखिएको रु | ११७४१२४/- |

| भौ.नं /मिती | विद्यालय | रकम |
|---|---|---|
| १०४/२०७६/२/१९ | भौरब आ.बि | १६२०००.० |
| १०५/२०७६/२/२० | जनता मा.बि | १६२०००.० |
| ११२/२०७६/३/६ | मुहन्याल आ.बि | १६२०००.० |
| १५४/२०७६/३/२९ | दुर्गा मा.बि | ७५०००.० |

| भौ.नं/मिति | विद्यालय | रकम |
|---|---|---|
| १०२/२०७६/२/३ | श्री शिवजी मा.बि | २९३९५८.० |
| ११५/२०७६/३/६ | श्री डाम्सिला आ.बि | २९२५३८.० |
| १३९/२०७६/३/२५ | श्री चौडेल आ.बि | २९३६९८.० |
| १४०/२०७६/३/२५ | श्री पासङ बाल बिकास | २९३९३०.० |
| | जम्मा | ११७४१२४.० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ७७. | **एकिन विद्यार्थी संख्याबिना भुक्तानी :** कार्यक्रम कार्यन्वयन पुस्तिका २०७५।७६ मा देहायका शिर्षकअन्तर्गतको अनुदान रकम निकासा गर्दा प्रत्येक सामुदायिक विद्यालयलको बाल विकास कक्षा, आधारभूत तह, माध्यामिक तह एवम् नयाँ भर्ना भएका विद्यार्थीहरुको संख्या एकिन गरी, सो बमोजिम प्रति शिर्षक हुन आउने अनुदान रकम विद्यालयलाई निकासा गरिनुपर्दछ । कार्यालयले गाँउपालिका अन्तर्गत रहेका कुल ४२ विद्यालयलाई उक्त शिर्षकमा अनुदान रकम निकासा गर्दा, विद्यार्थी संख्या एकिन गरेको नपाईकोले, एकिन विद्यार्थी संख्याको आधारबीना निकासा गरेको अनुदान रकम नियमित नदेखिएको रु | ३६१९०१३/- |

| सि.नं | अनुदान शिर्षक | रकम |
|---|---|---|
| १ | विपन्न लक्षित गैरआवासिय छात्रवृत्ति | १५८६४००.० |
| २ | कक्षा १-१० सम्म अध्ययनरत विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | १६२४९१३.० |
| ३ | निरन्तर विद्यार्थी मूल्याङ्कनका लागि प्रति विद्यार्थी लागत अनुमान | ९९०००.० |
| ४ | शिक्षण सिकाई सामग्री तथा बुक कर्नर व्यवस्थापन | ३०८७००.० |
| | जम्मा | ३६१९०१३.० |

**कार्यालयको नाम** : बडिकेदार गाउँपालिका, डोटी । **आ.व.२०७५।७६**

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>७८.</td><td>अवकाश शिक्षकको तलब निकासा : १५८/२०७६/३/३०, गाँउपालिका अन्तर्गतका विद्यालयहरुको शिक्षक तलब/भत्ता निकासा गर्दा, कार्यालयले पारित शिक्षक तलबी प्रतिवेदन एवम् विद्यालयहरुबाट प्राप्त माग फारमका आधारमा दरबन्दी रहेको, कार्यरत शिक्षकहरुको तलब/भत्ता मात्र निकासा गर्नुपर्दछ । शिशुदर्पण आ.बिका शिक्षक शेर बहादुर तरामी सेवा सुविधा लिई फाल्गुण मसान्तबाट अवकाश भएकोमा, कार्यालयले विद्यालयको शिक्षकहरुको तेश्रो चौमासिक तलब/भत्ता निकासामा निजको तलब बापत रु ९६,६८०.० विद्यालयलाई अनुदान निकासा गरेकाले, अवकाश शिक्षकको तलब बापत बढी निकासा भएको रकम सम्बन्धित विद्यालयबाट असुल गरिनुपर्ने रु</td><td>९६६८०/-</td></tr>
<tr><td>७९.</td><td>बढी भुक्तानी : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) अनुसार उपभोक्ता समिती वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भर्पाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समितिको वैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्नेछ र तत्पश्चात्त सम्बन्धित निकायले नियम ९७(११) बमोजिम कार्यसम्पन्न प्रतिवेदन तयार गरी उपभोक्ता समिति वा लाभग्राही समुदायलाई रकम भुक्तानी गर्नुपर्दछ । चार कोठे फर्निचर सहित भवन निर्माणका लागि कार्यालयले श्री बिष्णु मा.बि लाई रु १५,२१,४९१.० भुक्तानी गरेको छ । कार्यसम्पन्न प्रतिवेदनमा देहायको कार्यमा रु २,१२,९२५.० रकम कार्य प्रमाणित गरेकोमा, कार्य पुष्ट्याँई हुने विद्यालयको बिल/बिजक पेश नभएकोले सामान खरिद विल वेगर रु २,१२,९२५.० को कार्यपरिमाण नापी तथा सम्पन्न प्रमाणित भई रकम भुक्तानी भएकोले सोको प्रमाण पेश हुनुपर्ने अन्यथा सम्बन्धित विद्यालयबाट असुल गरिनुपर्ने रु
<table>
<tr><th>भौ.नं/मिती</th><th>योजना</th><th>Item</th><th>रकम</th></tr>
<tr><td rowspan="2">७७/२०७५/१२/२७</td><td rowspan="2">विष्णु आ.बि चार कोठे भवन निर्माण</td><td>Furniture Desk Bench</td><td>१८७९२५.०</td></tr>
<tr><td>Electrical Works</td><td>२५०००.०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२१२९२५.०</td></tr>
</table></td><td>२१२९२५/-</td></tr>
<tr><td>८०.</td><td>श्रोतव्यक्तिको तलब : ८३/२०७६/१/९, नेपाल सरकारको परिपत्रबाट श्रोतव्यक्तिहरुलाई निजको दरबन्दी रहेको विद्यालयमा फिर्ता गरी सोही विद्यालयबाट तलब/भत्ता भुक्तानी गरिनुपर्नेमा, गाँउपालिकाको शिक्षा शाखामा कार्यरत श्रोत व्यक्ति श्री धर्मानन्द जोशीको चैत्र र बैसाख महिनाको गरी रु.९३,७५५.५ तलब गाँउपालिकाबाट नै भुक्तानी भएको छ । कार्यालयले निजको दरबन्दी रहेको विद्यालयमा निजको तलब/भत्ता बापत दोहोरो हुने गरी निकासा भए नभएको एकिन गर्नुपर्ने तथा प्राप्त परिपत्रको पालना गर्नेतर्फ ध्यान पुर्‍याउनुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>स्वास्थ्य तर्फ</td><td></td></tr>
<tr><td>८१.</td><td>आमा सुरक्षा कार्यक्रम : भौ.नं ९।२०७६।१२।१०, संघीय सरकारबाट हस्तान्तरीत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा कार्यक्रम अन्तर्गत सुत्केरी यातायात खर्च, प्रसुती गराएबापत स्वास्थ्य चौकीलाई प्रदान गरिने रकम र</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>चार पटक गर्भवती जाँच वापतको भत्ताको रकम कार्यालयले नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान रकमबाट भुक्तानी गर्नुपर्दछ । आमा सुरक्षा कार्यक्रमको रकम स्वास्थ्य चौकीलाई भुक्तानी गर्न कार्यालयले सि.अ.हे.ब जय सिंह बोहराले रु ५,८३,०००.०० भुक्तानी गरेको छ । सो खर्च पुष्टि गर्ने अनुसुची-६,आमा सुरक्षा कार्यक्रम मासिक प्रतिवेदन, अनुसुची-३,निशुल्क प्रसुती सेवा लिएबापत यातायात खर्च बुझेको भर्पाई, ANC कार्ड लगायत तोकिएका कागजातहरु स्वास्थ्य संस्थाहरुबाट पेश नभएको र निजले स्वास्थ्य संस्थालाई रकम भुक्तानी गरेको प्रमाणसमेत पेश नभएकोले खर्च पुष्टिका प्रमाणहरु पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु</td><td>५८३०००/-</td></tr>
<tr><td>८२.</td><td>विल विजक : १३४/२०७६/३/२४, आयकर ऐन, २०५८ को दफा ८८ मा परामर्श सम्बन्धी कार्य गरेवापत रकम भुक्तानी गर्दा सम्झौता अनुसार १५ प्रतिशतको दरले अग्रिम करट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले श्री बागेश्वरी असल शासन कल्बलाई स्वास्थ्य संस्थाको सामिजिक परिक्षणका लागि सो संस्थाको बिल बेगर रु १,००,०००.० भुक्तानी गरेकोमा अग्रिम करकट्टी गरेको छैन । अतः ऐन बमोजिम परामर्श सेवा बापत १५ प्रतिशतका दरले रु १५,०००.० अग्रिम करकट्टी गर्नुपर्नेमा करछुट भएकोले उक्त संस्थाबाट छुटकर असुल गर्नुपर्ने रु</td><td>१५०००/-</td></tr>
<tr><td></td><td>ग्रामिण जलस्रोत तथा व्यवस्थापन परियोजना</td><td></td></tr>
<tr><td>८३.</td><td>करकट्टी : आयकर ऐन, २०५८ को दफा ८८ मा परामर्श सम्बन्धी कार्य गरेवापत रकम भुक्तानी गर्दा सम्झौता अनुसार १५ प्रतिशतको दरले अग्रिम करट्टी गर्नुपर्ने व्यवस्था छ । ग्रामिण जलस्रोत परियोजना अन्तर्गत, सहयोगी संस्था परिचालन लागि केदार ग्रामिण विकास समाज नेपाललाई निम्न भौ.नं बाट कार्यालयले सो संस्थाको बिल बेगर रु २१९०१४०.० भुक्तानी गरेकोमा अग्रिम करकट्टी गरेको छैन । तसर्थ ऐन बमोजिम १५ प्रतिशतका दरले रु ३२८५२०.५ अग्रिम करकट्टी गर्नुपर्नेमा करछुट भएकोले उक्त संस्थाबाट छुटकर असुल गर्नुपर्ने रु
<table>
<tr><th>भौ.नं,मिती</th><th>भुक्तानी रकम</th><th>छुटकर</th></tr>
<tr><td>५५/२०७५/१०/१०</td><td>५७८९६२.०</td><td>८६८४४.३</td></tr>
<tr><td>७४/२०७५/१२/१२</td><td>८३२५८.०</td><td>१२४८८.७</td></tr>
<tr><td>७५/२०७५/१२/१२</td><td>८०६४९५.०</td><td>१२०९७४.२५</td></tr>
<tr><td>९४/२०७६/१/२७</td><td>४३९१५५.०</td><td>६५८७३.२५</td></tr>
<tr><td>१२९/२०७६/३/१८</td><td>२८२२७०.०</td><td>४२३४०.०</td></tr>
<tr><td>जम्मा</td><td>२१९०१४०.०</td><td>३२८५२०.५</td></tr>
</table></td><td>३२८५२०.५</td></tr>
<tr><td>८४.</td><td>प्रधानमन्त्री रोजगार कार्यकम :४५८।०७६।३।३१ प्रधानमन्त्री रोजगार कार्यकम अर्न्तगत वेरोजगारहरुको सुची दर्ता गरि दर्ता भएका मध्येलाइ नै रोजगार दिने र उनीहरुलाई दिइने रोजगारीको रकम वैक खाता मार्फत भुक्तानि गर्नूपर्ने व्यवस्था छ ।पालिकाले यस कार्यकम अनतर्गतको सवै वजेट रु २००००००। वार्ड नं १,२,३,र</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | ५का वडाध्यक्षहरुलाई प्रति वडाध्यक्ष रु ५,००,०००। का दरले पेश्की दिइ विभिन्न योजनाहरुमा काम गरे वापत डोर हाजिरी देखाइ सो योजनाहरुका सुपरभाइजरहरुलाई एकमुष्ट रकम वडाध्यक्षहरुले भरपाइ गरि हस्ते वुझाएको देखिएको हुदा सरकारको निर्देशन पालना भएको देखिएन । निर्देशिकाको पालना गरि रोजगारीको उदेश्यलाइ पुरागर्ने र रोजगारदाताले रोजगारी गर्नेको वैक खाता खोलि उनीहरु कै खातामा सो रकम भुक्तानि गर्नेतर्फ पालिकाले ध्यानदिनुपर्ने देखिएको छ । | |
| | **सामाजिक सुरक्षा कार्यक्रमको लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |
| ८५. | **अभिलेख अद्यावधिक तथा बढी भुक्तानी:** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ७ बमोजिम प्रत्येक स्थानीय तहले मन्त्रालयको स्वीकृति बिना कुनैपनि प्रकारका सामाजिक सुरक्षा भत्ता नगद वितरण गर्न नपाइने र प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्र भित्रका सबै लक्षित वर्ग तथा समूहको तथ्याङ्क केन्द्रीय पञ्जिकरण विभागको MIS systemमा Online प्रविष्टी गरी अद्यावधिक गरेको तथ्याङ्कको आधारमा नजिकको बैंकको शाखाबाट खाता सञ्चालन गरी वितरण गर्नुपर्ने व्यबस्था छ । | |
| ८५.१. | गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण अद्यावधिक गरेको देखिएन भने तीन वटै चौमासिकको सामाजिक सुरक्षा भत्ता रकम रु.१,८१,०३,०००। नगदमा बुझाएको देखियो । उल्लेखित अवस्थामा सामाजिक सुरक्षा भत्ता बितरणमा दुरुपयोग हुन सक्ने देखिएकोले व्यबस्थापन पक्षले लाभग्राहीहरुको मुल अभिलेख अद्यावधिक, सो को नविकरण, लगत कट्टा, बितरण प्रणाली र बैंक खाता सञ्चालन लगायत तोकिएका अन्य कार्यहरुलाई बिश्वसनीय र भरपर्दो बनाउनुपर्ने देखिन्छ । बैंकमा खाता खोली बैंकमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्दछ । | |
| ८५.२. | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को बुँदा नं.११ अनुसार सामाजिक सुरक्षा सम्बन्धी अनुसूची ८, ९, १०, ११ र १२ तयार गरी सोको आधारमा भत्ता खर्च लेख्नुपर्ने व्यवस्था उल्लेख छ । सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको परिचयपत्र सहितको नामावली अद्यावधिक नहुँदा भत्ता पाउने उचित व्यक्ति छुट वा अर्को व्यक्तिले दोहोरो भत्ता भुक्तानी लिई खर्चमा अनियमितता हुन जाने सम्भाव्यता विद्यमान रहन्छ । | |
| ८५.३. | गाउँपालिकाको निकासाको आधारमा पहिलो र पाँचौ स्थानको वडाहरुको सामाजिक सुरक्षा भत्ता परीक्षण गर्दा निम्न वडाको सामाजिक सुरक्षा भत्ता दोहोरो वितरण गरेको देखिएकाले उक्त दोहोरो परेको भत्ता रु.४८००। सम्बन्धित वडा सचिबलाई जिम्मेवार बनाई असूल गर्नुपर्ने तथा अन्य वडाहरुको सम्बन्धमा कार्यालयले छानविन गर्नुपर्दछ । निर्देशिकाले व्यवस्था गरे अनुसार सबै अनुसूचीको भिडान गरी सामाजिक सुरक्षा भत्ता खर्च लेख्ने, अघिल्लो चौमासिकमा भएको नविकरण, लगत कट्टाको अभिलेखलाई अद्यावधिक गरेर मात्र अर्को चौमासिकको किस्ता बैंक मार्फत भुक्तानी गर्नु पर्दछ रु. | ४८००/- |

| **दफा नं.** | **भौ.नं., मिति र व्यहोरा** | **बेरुजू रकम** |
|---|---|---|
| | वडा नं. / नाम / लक्षित समूह / दर / रकम / चौमासिक | |
| | ५ / जिवन भूल / बा.द / ४०० / १६०० / प्रथम | |
| | योगेन्द्र पुन मगर / बा.अ / ४०० / १६०० / तेस्रो | |
| | पारश धामी / वा.अ / ४०० / १६०० / तेस्रो | |
| | जम्मा / ४८००/- | |
| | **आन्तरिक लेखापरीक्षणबाट देखिएको बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट गरिसक्नुपर्ने व्यवस्था भएता पनि देहायबमोजिम आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु फछ्र्यौट गरेको प्रमाण पेश नभएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्ने देखिएको छ ।** | |
| ८६. | ३५।०७५।१०।१७ मोहन्याल मन्दिर निर्माण उपभोक्ता समितिलाई प्राविधिक विलभन्दा बढी भुक्तानी भएको रु. | १८८५/- |
| ८७. | ३६।०७५।१०।१७ मल्ल गडा खानेपानी मर्मत उपभोक्ता समितिलाई प्राविधिक विलभन्दा बढी भुक्तानी भएको रु. | ५६३९/- |
| ८८. | ६०।०७५।११।१७ सुवाखान देवली मन्नाकापडी कृषि सडक उपभोक्ता समितिलाई कार्यालयको तर्फबाट रु.१८१२०१५। व्यहोर्ने गरी सम्झौता गरिएकोमा सो बाहेक बढी भुक्तानी रु. | १०७९८५/- |
| ८९. | ९।०७६।३।३१ तिलक सिह साउदको पेश्की फछ्र्यौट गर्दा फर्निचर तथा फिक्चर्स वापत लिएको हुनाले सोही प्रकृतिका विल भर्पाई संलग्न हुनुपर्नेमा अन्य विल भर्पाई पेश गरी फछ्र्यौट गरिएकोले अनियमित रु. | २०००००/- |
| ९०. | २२।०७५।९।२९ खड्यौली देखि छेडागाडा सम्मको सडक मर्मत तथा स्तरोन्नती कार्यको लागि मान्नाकापडी कृषि सडक उपभोक्ता समितिलाई विल रकम भुक्तानी गर्दा बढी भुक्तानी भएको रु. | १३३७/- |
| ९१. | २३।०७५।९।२९ रजेडा मुडा हुदै देवली नि.उ.स.बडिकेदार १ लाई विल रकम भुक्तानी गर्दा बढी भुक्तानी भएको रु. | ५४०/- |
| ९२. | ९३।०७५।१२।२१ खानेपानी नाउलो निर्माण मर्मत निर्माण उपभोक्ता समितिको विल रकम भुक्तानी गर्दा बढी भुक्तानी भएको रु. | ४०००/३७ |
| ९३. | १२०।०७६।१।११ वालाजी निर्माण सेवालाई विल रकम भुक्तानी गर्दा बढी भुक्तानी रु. | ६५५४/९८ |
| ९४. | १६७।०७६।३।३१ कार्यालय सम्बन्धि खर्च रकम बजेट खर्च रु.१७१००। लेखेकोमा विलभरपाई रु.१०३००। को मात्र संलग्न रहेकोले विल भरपाई पेश हुनुपर्ने रु. | ६८००/- |

अनुसूची १

## बडीकेदार गाउँपालिकाको सञ्चित कोष विवरण
## २०७५।७६

(रु.हजारमा)

| क्र.स | स्थानीय तह | जिल्ला | आय | | | | | व्यय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | जम्मा आय | चालु खर्च | पूजींगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| १ | बडीकेदार गाउँपालिका | डोटी | ३०६७३ | ७५३७३ | १२०४९२ | ९६१४४ | २९२००९ | १७३९४५ | १४२९५४ | ५७८३ | ३२२६८२ | ० |

अनुसूची-२

## बेरुजू वर्गीकरण (विनियोजन,राजस्व,धरौटी र अन्य कारोवार)
## २०७५।७६

(रु.हजारमा)

| क्रस | स्थानीय तह | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | सै. | ल. | रकम | सै. | ल. | रकम | सै. | ल. | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी पेश्की | अन्य पेश्की | जम्मा |
| १ | बडीकेदार गाउँपालिका | ५८ | ४१ | २६३१६ | ० | ० | ० | ५८ | ४१ | २६३१६ | १४२४८ | ७७२३ | १५८६ | ० | ० | ९३०९ | ० | २७५९ | २७५९ |

अनुसूची-३

## अद्यावधिक वेरुजू स्थिति
## २०७५।७६

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | बडीकेदार गाउँपालिका | डोटी | ९५०० | ८७० | ८६३० | ७५९ | २६३१६ | ३५७०५ |